
# लेखापरीक्षण प्रतिवेदन

# दुधौली नगरपालिका, सिन्धुली

आर्थिक वर्ष २०८०/८१




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# दुधौली नगरपालिका, सिन्धुली

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/446

**विषयः लेखापरिक्षण प्रतिवेदन**

श्री नगर प्रमुख ज्यू

दुधौली नगरपालिका,नगर कार्यपालिकाको कार्यालय

दुधौली,सिन्धुली

## कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियतसहितको राय व्यक्त गर्ने आधार

१.नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्रासी र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१ करोड ५८ लाख १७ हजार,सामाजिक सुरक्षा तथा संरक्षणको रु.२६ करोड ४७ लाख ७० हजार,गरिबसंग विश्वेश्वर कार्यक्रमको रु.४ लाख १५ हजार ,स्थानीय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रमको रु.१२ लाख,राष्ट्रपति महिला उत्थान कार्यक्रमको रु.८ लाख ९० हजार र पर्यटन पूर्वाधार विकास आयोजनाको रु. ५२ लाख ५३ हजार समेत गरी रु.२८ करोड ८३ लाख ४५ हजार समावेश गरेको छैन।

२.नगरपालिकाको रु.२ अर्ब ५० करोड १४ लाख ५४ हजार लेखापरीक्षण गरिएकोमा रु.१ करोड ७४ लाख ६८ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.१ करोड ७ लाख ४७ हजारको प्रतिक्रियाबाट फछ्र्यौट भएकोमा बाँकी बेरुजु ६७ लाख २१ हजार रहेको छ ।बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु.७ लाख १० हजार, पेस्की बेरुजु रु.३६ लाख १ हजार, नियमित गर्नुपर्ने रु.२४ लाख १० हजार रहेको छ।पालिकाको गत वर्ष सम्म रु.६ करोड ५३ लाख ९७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.६ करोड ८ लाख ६६ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको वेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने दुधौली नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले

काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य वेहोरा**

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवा फदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी दुधौली नगरपालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवा फदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी दुधौली नगरपालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवा फदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी दुधौली नगरपालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजीवा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७७ | १४ | १,७४,६८,०४० | ० | ८ | १,०७,४६,७९३ | ० | ७७ | ६ | ६७,२१,२४७ | ७,०९,९८५ | २४,०९,७३२ | ० | ० | ० | २४,०९,७३२ | ३६,०१,५३० |

#### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सिन्धुली | ६,५३,९७,००० | ० | १,१६,८७,०४५ | ५,३७,०९,९५५ | ४,३५,१०२ | ६७,२१,२४७ | ६,०८,६६,३०४ |

#### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ४६ | वीमाः | ७४,९७,७२६ |
| २ | २०८०/८१ | ७९ | वितरण भरपाईः | ५,००,००० |
| ३ | २०८०/८१ | ६७ | बढी ग्रेड भुक्तानीः | ७,५२७ |
| ४ | २०८०/८१ | ५६ | पारिश्रमिक करः | १३,२६२ |
| ५ | २०८०/८१ | ६५ | कर्मचारी कल्याण कोषः | २०,००,००० |
| ६ | २०८०/८१ | ६८ | आय करः | १०,५११ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०७९/८० | १०१ | दोहोरो भुक्तानीः | ६,५०,००० |
| ८ | २०७९/८० | ५९.३ | दुधौली खिरयानी मुल सडकमा पर्ने लखिमा खोला पुलः | २,४१,३२० |
| ९ | २०७९/८० | ५३ | करार कर्मचारीलाई थप संचयकोष : | ११,०७,९९१ |
| १० | २०७९/८० | ६१ | कमला कोरिडोर सडक निर्माण कार्य बडा नं ३ र ४ : | ६,२६,४८० |
| ११ | २०७९/८० | ६०.१ | कमला कोरिडोर सडक निर्माण कार्य डकाहा पुल मुनि बडा नं ९ र १०: | ३,६९,८२० |
| १२ | २०७८/७९ | ८२ | स्वीकृत दरभन्दा बढी भुक्तानी :- | १,३९,४०६ |
| १३ | २०७८/७९ | ५५.6 | शिक्षातर्फ देखिएका व्यहोराः | ६,५०,००० |
| १४ | २०७८/७९ | १०२.२ | गैर सरकारी संस्थाद्धारा निर्माण लगायतका कार्यः | ७१,७९,६५४ |
| १५ | २०७७/७८ | ४८ | बढी भुक्तानी | ४,३५,१०२ |
| १६ | २०७७/७८ | ५३ | फरक मेसिनको प्रयोग | १,५४,३५३ |
| १७ | २०७७/७८ | ५५ | फरक नर्म्सको प्रयोग | १,३२,९१९ |
| १८ | २०८०/८१ | ३२ | पेश्की बाँकी | ७,१७,७६७ |
| जम्मा | | | | २,२४,३३,८३८ |

# (८०३२५४०२३१५ - दुधौली नगरपालिका, सिन्धुली )

## परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय** - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु दुधौली नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १४ वडा, ७३ सभा सदस्य, ३०९.३९ वर्ग किलोमिटर क्षेत्रफल तथा राष्ट्रिय जनगणना २०७८ अनुसार यस पालिकाको कुल जनसंख्या ७०२०७ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हो।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।८।४ देखि २०८१ ।८।९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - पालिकाको आय – व्ययतर्फ रु.२ अर्ब ५० करोड १४ लाख ५४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ३१५३३१० असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | पूर्व निर्धारित क्षतिपुर्ति भौचर नं | १०१६५ |
| २ | विपन्न दलित र गृहिणि महिला कार्यक्रम वढी खर्च भएको रकम फिर्ता भौचर नं ७३००२१३८ | ३२२०१६ |
| ३ | प्रशिक्षक भत्ता वढी दरमा भुक्तानी रकम असुली (विपन्न दलित र गृहिणि महिला कार्यक्रम) भौचर नं ७३००२७३५ | ७२७६० |
| ४ | सामाजिक सुरक्षा रकम फिर्ता भौचर नं ७३०५८३२२ | १०२१६३३ |
| ५ | प्रशिक्षक भत्ता वढी दरमा भुक्तानी रकम असुली भौचर नं ७३००३६१५ | १२७५० |
| ६ | पारिश्रमिक कर दाखिला भौचर नं ७३३१३१३४ | १३२६२ |
| ७ | टिप्पणीकर्ता वढी दरमा भुक्तानी रकम असुली भौचर नं ७३००४९५९ | १८३६० |
| ८ | अनुगमन भत्ता असुली असुली भौचर नं ७३००५१८० | ३९९५० |
| ९ | पारिश्रमिक कर दाखिला असुली भौचर नं ७३३१३४२६ | १०५११ |
| १० | बैठक भत्ता असुली भौचर नं ८८२२ | ७७५२० |
| ११ | बैठक भत्ता र प्रतिवेदन भत्ता बढी भुक्तानी असुली भौचर नं ८८२१ | ५८६५० |
| १२ | विद्यालयको पाठ्यपुस्तक वापतको रकम वढी निकासा असुली भौचर नं ७३०५८६०४ | १५२२७२ |
| १३ | करार कर्मचारीको संचयकोष असुली भौचर नं ८८२७, ८८१७, ८८१८,८८२६ | १२३३६९८ |
| १४ | वढी तलव तथा ग्रेड रकम असुली भौचर नं ८८१९ | ५३२१३ |
| १५ | दोहोरो संचार सुविधा असुली भौचर नं ८८२० | २५००० |
| १६ | वढी दरमा बैठक भत्ता भुक्तानी भौचर नं ८८२३ | १२३२५ |
| १७ | नपाउने सुविधा असुली भौचर नं ८८२४ | १९२२५ |
|  | जम्मा | ३१५३३१० |

२ **एकिकृत आर्थिक विवरण तथा म.ले.प.फा.नं. २७०**

दुधौली नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को एकिकृत आर्थिक विवरण देहायबमोजिम रहेको छ।

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | | विवरण | रकम | रकम | |
| **१** | **गत वर्षको जिम्मेवारी** | | **६०६५६७४३.२४** | **१** | **चालु खर्च** | | **९३१६६०६३२.८९** |
| | क) नगद | | ०.०० | **२** | **पूँजीगत खर्च** | | **३१५३०९९९७.९६** |
| | ख) बैंक | | ६०६५६७४३.२४ | **३** | **वित्तिय व्यवस्था भुक्तानी** | | **०.००** |
| २ | **राजस्व ( आन्तरिक आय)** | | **२६४३०७७८४.०९** | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | | ३७०८०४०२.३५ | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | | २२७२२७३८१.७४ | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | | | ४ | **लगानी** | | **०.००** |
| **३** | **वित्तिय हस्तान्तरण संघ** | | **५९४०६१५२१.७५** | | ऋण लगानी | | |
| | क) वित्तिय समानीकरण अनुदान | | १४६१०३०००.०० | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | | ४३५७४२००३.७५ | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | | ५००००००.०० | **५** | **धरौटी फिर्ता** | | **८७००९१०.००** |
| | घ) विशेष अनुदान | | ७२१६५१८.०० | ६ | जनश्रमदान फिर्ता | | ०.०० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | **६९८४३६९२.००** | ७ | कोष फिर्ता | | ०.०० |
| | क) वित्तिय समानीकरण अनुदान | | १६४५५०००.०० | **८** | **मौज्दात** | | **५०७६८०८६.३९** |
| | ख) सशर्त अनुदान | | २७४६४९८०.०० | | क) बैंक मौज्दात संचितकोष | | ५९३६७३६.७२ |
| | ग) समपुरक अनुदान | | १८४७४०४३ | | ख) नगद मौज्दात | | ०.०० |
| | घ) विशेष अनुदान | | ७४४९६६९.०० | ९ | शसर्त अनुदान फिर्ता | | ०.०० |
| **५** | **अन्तर स्थानीय तहबाट प्राप्त** | | **२१०००००.००** | १० | गत बर्षको बढी अल्या | | ०.०० |
| **६** | **अन्य** | | **५८८८६४९.९८** | ११ | जनश्रमदान मौज्दात | | ०.०० |

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | क) पि एल जी यस पी | | ३८०९९९.९८ | १२ | धरौट मौज्दात | | २४५६१७४५.४० |
| | ख) सडक बोर्ड नेपाल | | ३९६७४९६.०० | १३ | कोष खाताको मौज्दात | | २०२६९६०४.२७ |
| | ग) विपन्न दलित शसक्तीकरण कार्यक्रम | | ५२५०००.०० | | | | |
| | घ) गृहिणी महिला सशक्तीकरण कार्यक्रम | | १०१५१५४.०० | | | | |
| **७** | **विभिन्न कोषतर्फको आय** | | **१३६६६१९६.०३** | | | | |
| | क) कर्मचारी कल्याणकोष | | २००००००.०० | | | | |
| | ख) प्रकोप व्यवस्थापन कोष | | ५२४११९६.०३ | | | | |
| | ग) दीर्घरोगी उपचार कोष | | ५९२५०००.०० | | | | |
| | घ) आकस्मिक कोष | | ५०००००.०० | | | | |
| १० | धरौटी आय | | ७६९२९५७.१५ | | | | |
| १२ | स्वास्थ्य क्षेत्र सुधार | | १५८१७०००.०० | | | | |
| १३ | गरिवसँग विश्वेश्वर | | ४१५०००.०० | | | | |
| १४ | पर्यटन पूर्वाधार विकास | | ५२५२६१७ | | | | |
| १५ | राष्ट्रपति महिला सशक्तीकरण परियोजना | | ८१०४००.०० | | | | |
| १६ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास | | १२०००००.०० | | | | |
| १७ | सामाजिक सुरक्षा तथा संरक्षण | | २६४७२७०६६.०० | | | | |
| | जम्मा | | १३०६४३९६२७.२४ | | जम्मा | | १३०६४३९६२७.२४ |

दुधौली नगरपालिकाको मिति २०८०।४।१ देखि २०८१।३।३२ सम्मको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन म.ले.प.फा.नं. २७०.१ देहाय बमोजिम रहेको छ ।

| विवरण | चालु आ.ब. को कारोबार | | गतआ.ब. को कारोबार | |
|---|---|---|---|---|
| | नगद | जम्मा | नगद | जम्मा |
| राजस्वअनुदान र अन्य प्राप्ति | | | | |
| कर | २१५००५७२४.३२ | २१५००५७२४.३२ | १९५८१४२१२.१३ | १९५८१४२१२.१३ |
| अनुदान | ६६३९०५२१३.७५ | ६६३९०५२१३.७५ | ६९६६७१२३२.९२ | ६९६६७१२३२.९२ |
| अन्यराजस्व | ४७२७०३८९.९७ | ४७२७०३८९.९७ | ४१३५२०९१.६३ | ४१३५२०९१.६३ |
| विविधप्राप्ति | २०३१६६९.८० | २०३१६६९.८० | १२८३००.०० | १२८३००.०० |
| **कुलजम्मा प्राप्ति** | ९२८२१२९९७.८४ | ९२८२१२९९७.८४ | ९३३९६५८३६.६८ | ९३३९६५८३६.६८ |
| चालु | ६४००३२६५९.८८ | ६४००३२६५९.८८ | ६५१३६२३८४.९४ | ६५१३६२३८४.९४ |
| पारिश्रमिक / सुविधा | ९१७९०८०६.९४ | ९१७९०८०६.९४ | १०७८९९९००.९० | १०७८९९९००.९० |
| मालसामानतथा सेवाको उपयोग | १७३६६४२३५.३५ | १७३६६४२३५.३५ | १८१०६१२०३.४४ | १८१०६१२०३.४४ |
| सहायता (Subsidy) | ३६५५४१३४३.५९ | ३६५५४१३४३.५९ | ३५१०९२२१३.१२ | ३५१०९२२१३.१२ |
| सामाजिकसुरक्षा | ७९९३५३७.०० | ७९९३५३७.०० | १०४२५०६७.४८ | १०४२५०६७.४८ |
| अन्यखर्च | १०४२७३७.०० | १०४२७३७.०० | ८८४०००.०० | ८८४०००.०० |
| पूंजीगत | ३०२७८९८८४.९६ | ३०२७८९८८४.९६ | ३३४२४१८२२.६६ | ३३४२४१८२२.६६ |
| भवनतथा संरचना | ४८६२७२२९.९६ | ४८६२७२२९.९६ | ३६१५२०९६.०० | ३६१५२०९६.०० |
| सवारीसाधनमेशिनरी औजारफर्निचर्स तथा फिक्चर्स | १२२७५७७७.०० | १२२७५७७७.०० | २४७०८९६०.०० | २४७०८९६०.०० |
| अन्यपूँजीगत खर्च | २२३१५०४.०० | २२३१५०४.०० | ० | ० |
| सार्वजनिकनिर्माण | १८९९४६३१७.०० | १८९९४६३१७.०० | २०८१३८८७९.६६ | २०८१३८८७९.६६ |
| पूँजीगतसुधार खर्च | ४९७०९०५७.०० | ४९७०९०५७.०० | ६५२४१८८७.०० | ६५२४१८८७.०० |
| कुलजम्मा भुक्तानी | ९४२८२२५४४.८४ | ९४२८२२५४४.८४ | ९८५६०४२०७.६० | ९८५६०४२०७.६० |
| बचत /कमी (ग = क-ख ) | (१४६०९५४७.००) | (१४६०९५४७.००) | (५१६३८३७०.९२) | (५१६३८३७०.९२) |
| धरौटीआकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -) | ४७२०८९०.१५ | ४७२०८९०.१५ | १५६०६६९९.०० | १५६०६६९९.०० |
| कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी | | | | |
| यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ) | (९८८८६५६.८५) | (९८८८६५६.८५) | (३६०३१६७१.९२) | (३६०३१६७१.९२) |
| गतआ.व.को नगद तथा बैंक मौज्दात | ६०६५६७४३.२४ | ६०६५६७४३.२४ | ९६६८८४१५.१६ | ९६६८८४१५.१६ |
| विनिमयनाफा/ घाटा | | | | |

| | | | | |
|---|---|---|---|---|
| तथा अन्य समायोजन | | | | |
| आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ५०७६८०८६.३९ | ५०७६८०८६.३९ | ६०६५६७४३.२४ | ६०६५६७४३.२४ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तिय विवरणको विश्लेषण:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NAPSAS)अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.१ **वित्तीय विवरणको यथार्थता:** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु २६४७७०२१९, पर्यटन पूर्वाधार विकास आयोजना रु ५२५२६१७, गरिवसंग विश्वेवर कार्यक्रम रु ४१५०००, राष्ट्रपति महिला उत्थान कार्यक्रम रु ८९००००, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम रु १२००००० र स्वास्थ्य सुधार कार्यक्रम रु १५८१७००० समेत गरी रु २८८३४४८३६ सुत्रमा लेखाङ्कन गरेको छैन ।पालिकाले अनुसूची १४ मा अन्तरसरकारी अख्तियारी समावेश गरी एकिकृत बजेट तथा खर्च विवरण तयार गरेता पनि एकिकृत आर्थिक विवरण र उक्त प्रतिवेदनमा धरौटी समावेश नभएको कारण रकममा भिन्नता देखिन्छ ।जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.२ **फरक हिसाब:** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु.३१७५६९८८६.१६ र यस वर्षको भुक्तानी रु. ३१२८४८९९६.०१ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं. २७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७० ) | ६०६५६७४३.२४ | ९२८२१२९९७.८४ | ९४२८२२५४४.८४ | ५०७६८०८६.३९ |
| एकीकृत आर्थिक विवरणअनुसार | ६०६५६७४३.२४ | १२४५७८२८८४ | १२५५६७१५४०.८५ | ५०७६८०८६.३९ |
| फरक | ० | ३१७५६९८८६.१६ | ३१२८४८९९६.०१ | ० |

पालिकाले तयार गरेको विवरण अनुसार सुत्र अनुसारको वार्षिक प्रतिवेदन तथा एकीकृत आर्थिक विवरण अनुसार यसवर्षको प्राप्ति र भुक्तानीमा फरक देखिएता पनि बैंक मौज्दातमा फरक देखिएन ।

३.३

**बैंक हिसाब मिलान:** स्थानीयतह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२)अनुसार पालिकाकोकारोबार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैंक हिसाब मिलान विवरण (म.ले.प. फा.नं. २१२) तयार गरी हिसाव भिडान समेत गर्नुपर्दछ।स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणाली (सुत्र) को बैंक तथा नगद बाँकीको प्रतिवेदन देहायबमोजिम रहेको छ ।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०८० असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०८० असार मसान्तको बाँकी |
|---|---|---|---|
| १ | संचितकोषअल्या | २०५४६२८३.७२ | २०५४६२८३.७२ |
| २ | धरौटी अल्या | २५५६९६९८.२५ | २५५६९६९८.२५ |
| ३ | वालसंरक्षण कोष अल्या | १००००० . | १००००० . |
| ४ | लैङ्गिक हिंसा निवारण कोष अल्या | ८२८३० . | ८२८३० . |
| ५ | प्रकोप व्यवस्थापन कोष अल्या | ४००००० . | ४००००० . |
| ६ | कोरोना भाइरस रोकथाम, उपचार तथा राहत वितरण कोष बैङ्क मौज्दात | ६३८०३७.०३ | ६३८०३७.०३ |
| ७ | दीर्घ रोगी उपचार कोष | २५७०००० . | २५७०००० . |
| ८ | कर्मचारी कल्याणकोष अल्या | ९३२७३३२.२४ | ९३२७३३२.२४ |
| ९ | आकस्मिक कोष अल्या | १४२२५६२ . | १४२२५६२ . |
| | जम्मा रु | ६०६५६७४३.२४ | ६०६५६७४३.२४ |

४ **भुक्तानी बाँकीको विवरणः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) अनुसार कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने र नियम ३९(१५) मा तोकिएका खर्च मात्र दायित्व सार्न सकिने व्यवस्था छ । यस वर्ष पालिकाले गत वर्षको रु ४९४८४०६४ को देहायका फर्मको भुक्तानी बाँकी राखी दायित्व सारी यस वर्ष रु २९२०४६९६ भुक्तानी गरेको छ ।स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६७ बजेट तथा कार्यक्रम तर्जुमा गर्दा आयको अनुमान वितरणको खाका र बजेट सीमा र श्रोतको सुनिश्चितताका आधारमा आगामी वर्ष दायित्व नसर्ने किसिमले गर्नुपर्नेमा यस आर्थिक वर्षमा भुक्तानी दिन नसकि दायित्व सृजना गर्दा आयको प्रक्षेपणका आधारमा बजेट बनाउनुपर्ने र बहुवर्षिय योजनामा बाहेक दायित्व नसर्ने गरी कार्य सञ्चालन हुनुपर्दछ।

| सि.नं. | कार्यक्रमको नाम | भुक्तानी दिन बांकी रकम |
|---|---|---|
| १ | जगाडी खानेपानी योजना उपभोक्ता समिति | १२५०००० |
| २ | पतियानी खानेपानी योजना उ.स. | १५००००० |
| ३ | बुधवारे बेसार प्रसोदन फर्म घेराबेरा विद्युतिय मोटर उ.स. | २००००० |
| ४ | मैनिया महिला सत्सङ विश्वासी घर निर्माण उ.स | ७००००० |
| ५ | छपाहा लिफ्ट खानेपानी योजना उपभोक्ता समिति | १५०००० |
| ६ | लामाडाँडाबाट डडुवा सडक | १०००००० |
| ७ | ज्यामिटार बाँसबोटे अग्राखे कुसुन्डे चामडाँड सडक विस्तार उपभोक्ता समिति | १४००००० |
| ८ | ज्यामिटार सामुदायिक भवन | २००००० |
| ९ | पुरानो खानेपानी इनार र कुवा मर्मत उपभोक्ता समिति | ३००००० |
| १० | नमुनाटोल खानेपानी तथा सिंचाई इनार निर्माण उ स | २००००० |
| ११ | जिनाखु चोक देखी भदौरे ठोक्रे उ.स | ५००००० |
| १२ | खेतिघर कोप्ची सडक उ.स. | ३००००० |
| १३ | गैरीठाडी मन्दिर फिल्ड निर्माण उ.स. | ८००००० |
| १४ | तिनचम्के पहिरो नियन्त्रण | ७००००० |
| १५ | खारखोला नियन्त्रण | ५००००० |
| १६ | जोगिया खहरे २ नं. कुलो मर्मत उ.स. | ३६०००० |
| १७ | वडा कार्यालय व्यवस्थापन वडा नं. १० | १५०००० |
| १८ | स्यानीटर र पलम्बिङ फिटिङ कार्य | ९९२१२ |
| १९ | औषधि तथा सर्जिकल सामान खरिद | १८९६२५ |
| २० | विपन्न लक्षित छात्रवृति वापतको छुट रकम | २०४००० |
| २१ | आइसिटी सामाग्री खरिद सम्पन्न | १९८९२०० |
| २२ | वडा कार्यालय व्यवस्थापन | ९८५०० |
| २३ | शिक्षक तलव भुक्तानी | १३०००० |
| २४ | फुसको छानो वस्थापन कार्यक्रम | ३१५१८ |
| २५ | तारजाली खरिद | ९६८३३१ |
| २६ | नगर स्तरीय नमूना विद्यालय विकास तथा शैक्षिक प्रवर्धन | ५००००० |
| २७ | शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षा कार्यक्रम | २००००० |
| २८ | नगर तर्फको विद्यालय शैक्षणिक अनुदान | ४५९३७६६ |
| २९ | आधारभूत अस्पताल भवन निर्माण | ५३२०८४४ |
| ३० | ऐमनटार हात्तिखर्क जुरे सडक | ६००००० |
| | | |

| | | |
|---|---|---|
| ३१ | दिर्घरोगीको औषधि खर्च | १२३०००० |
| ३२ | कोभिड प्रोत्सहान | ४०००० |
| ३३ | पोष्टमार्टम व्यवस्थापन | १४००० |
| ३४ | सडक बोर्डबाट सञ्चालन हुने योजनाहरु साझेदारी | ६१५००० |
| ३५ | पाइप खरिद | ८०००४ |
| ३६ | वृक्षारोपण कार्यक्रम | ५०००० |
| ३७ | कामदारको ज्याला भुक्तानी ६ | १०००० |
| ३८ | कामदारको ज्याला भुक्तानी | ४८००० |
| ३९ | कामदारको ज्याला भुक्तानी | २८००० |
| ४० | वडा स्तरीय खेलकुद कार्यक्रम | १००००० |
| ४१ | मरघट्टी फिल्ड मर्मत | ५०००० |
| ४२ | छतिवन गाछी कमला घाटमा मलामी घर निर्माण | ७००००० |
| ४३ | तल्लो क्षेत्र गागन देखि तल्लो भलुवाही सम्म खोलिएका भित्री सडक ग्राभेलिङ तथा स्तरोन्नती | २००००० |
| ४४ | सामुदायिक होमस्टे संचालन | ३००००० |
| ४५ | नगर सभा खर्च | १५०००० |
| ४६ | वन तथा वातावरण वडा नं. १० | ५०००० |
| ४७ | आधारभूत अस्पताल भवन निर्माण | १४१५४५२४ |
| ४८ | मधुगंगा महादेवस्थलमा पर्यटन पूर्वाधार निर्माण | ६४२९५४० |
| ४९ | सडक मर्मत वडा नं. १० | १००००० |
| | जम्मा | ४९४८४०६४ |

५ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने आधार देखिएन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• विषयगत शाखा र वडा कार्यालय पिच्छे जिन्सी सामग्री खरिद र आम्दानी वाँधेकोमा वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम (१०) बमोजिम स्थानिय तहले एकिकृत वित्तिय प्रतिवेदन तयार गरी

प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्नेमा पठाएको पाइएन ।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

• पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्वन्धमा कुनै मापदण्ड बनाएको छैन ।

•दैनिक भ्रमण भत्ता खर्च गरेकोमा भ्रमण अभिलेख खाता भएता पनि भ्रमण प्रतिवेदनमा के काम गरेको हो सो खुलाएको पाइएन ।

• शिर्षक फरक पारी खर्च लेख्ने गरेको छ।

• निजामति सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन ।

• स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पतिको संकलन गर्नुपर्ने उल्लेख भएकोमा पालिकाले सार्वजनिक सम्पत्तिहरुको अभिलेख राखेको पाइएन ।

• घर जग्गाको विवरण सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा प्रविष्टि गरेको पाइएन ।

उपर्युक्तानुसार स्थिति देखिँदा पालिकाले स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोबार गर्न गराउन तोकिए बमोजिम प्रभावकारी र विश्वासनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउन आवश्यक देखिन्छ ।

६ **बजेट खर्चः**

आर्थिक वर्ष २०८०।८१ को पालिकाको कुल बजेट खर्च मध्ये चालु र पूँजीगत खर्च देहाए बमोजिम गरेको छ ।

| कुल बजेट | कुल बजेट खर्च रु | चालु खर्च रु. | प्रतिशत | पूँजीगत खर्च रु. | प्रतिशत |
|---|---|---|---|---|---|
| १०९३२५६२४१.00 | ९४२८२२५४४.८४ | ६४००३२६५९.८८ | ६७.८८ | ३०२७८९८८४.९६ | ३२.११ |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु १ अर्व ०९ करोड ३२ लाख ५६ हजार बजेट विनियोजन भएकोमा चालु तर्फ रु ६४ करोड ३३ हजार र पूँजीगत तर्फ रु ३० करोड २७ लाख ९० हजार गरी कुल खर्च रु ९४ करोड २८ लाख २३ हजार अर्थात कुल बजेट खर्चको ३२.११ प्रतिशत पूँजिगतमा र ६७.८८ प्रतिशत चालुमा खर्च भएको छ ।

७ **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.३७०८०४०२.३५ राजस्व बाँडफाँडवाट रु. २२७२२७३८१.७४ , अन्य आय रु ३७८२२६६२९.४० जम्मा रु ६४२५३४४१३.४९ र अनुदानबाट रु. ६६३९०५२१३.७५ समेत रु. १३०६४३९६२७.२४ आम्दानी भएकोमा चालु तर्फ रु. ६४००३२६५९.८८र पूँजिगत तर्फ रु. ३०२७८९८८४.९६समेत रु. ९४२८२२५४४.८४खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.९३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा नियमित तर्फ मात्र रु.२१३००००० खर्च भएको छ जुन आन्तरिक आयको ५७.४४ प्रतिशत रहेको छ । पालिकाले कुल खर्चको तुलनामा ६७.८८ प्रतिशत चालु, ३२.११ प्रतिशत पूँजिगत निर्माण तर्फ खर्च भएको देखिन्छ । यसबाट पालिकाले प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकतम रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

८ **क्षेत्रगत बजेट र खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम बजेट पास गर्दा स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाको २०८०/८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ७२४५५००० | ५९७२६६९१ | ६.३३ |
| २ | पूर्वाधार विकास | २३५७१६०६५ | १९०१४३८५३ | २०.१७ |
| ३ | सामाजिक विकास | ५९७७५९२२० | ५२३६६७२४१.७५ | ५५.५४ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ८५६३१७६. | ४९८९६८१.४ | ०.५३ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १८०१८८७८० | १६४२९५०७७.६९ | १७.४३ |
| | जम्मा | १०९४६८२२४१ | ९४२८२२५४४.८ | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ५५.५४ प्रतिशत र सबै भन्दा घटी संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रमा अर्थात ०.५३ प्रतिशत खर्च रहेको छ । पालिकाले प्राथमिकताका क्षेत्र तोकि वजेट विनियोजन तथा खर्च गर्नुपर्दछ ।

## ९ त्रैमासिक पूँजीगत खर्चः

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुची २ बमोजिम त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पूँजीगत | ३६६६९३९३ | २४८९०५७ | १९९९७९५ | ६१२५५७३ | २६०५४९६८ | १११२२५९७ |
| २ | प्रदेश पूँजीगत | ४४५५०९७३ | ० | ५०२५९२५ | २३५१०९९९ | १६०१४०४९ | ५७६५०६८ |
| ३ | नगरपालिका पूँजीगत | २२१५६९५१८.९६ | ३१८०३५५८ | १५५१३४८८ | ७६५७६६६८ | ९७६७५८०४.९६ | ५१७५३४४१.९६ |
| | कूल खर्च | ३०२७८९८८५ | ३४२९२६१५ | २२५३९२०८ | १०६२१३२४० | १३९७४४८२२ | ६८६४११०६.९६ |
| | खर्च प्रतिशत | १०० | ११.३३ | ७.४४ | ३५.०८ | ४६.१५ | २२.६६ |

उपरोक्त विवरण अनुसार पूँजिगत तर्फमात्र वार्षिक रु. ३० करोड २७ लाख ८९ हजार निकासा खर्च भएकोमा प्रथम त्रैमासिक निकासा खर्च रु.३ करोड ४२ लाख ९३ हजार ( ११.३३ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. २ करोड २५ लाख ३९ हजार (७.४४ प्रतिशत) तेस्रो त्रैमासिकमा रु.१० करोड ६२ लाख १३ हजार (३५.०८ प्रतिशत) र चौथो त्रैमासिकमा रु. १३ करोड ९७ लाख ४५ हजार (४६.१५ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.६ करोड ८६ लाख ४१ हजार (२२.६६ प्रतिशत) खर्चगरेको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमासमेत असर पर्ने देखिएकोले आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम त्रैमासिक रुपमा खर्च सन्तुलत हुने गरी कार्य गरिनुपर्दछ ।

## १० बजेट सीमा निर्धारण समितिः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत

अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु बैशाख १० गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण गर्नुका साथै आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समिति गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गरिनुपर्दछ ।

११ **बजेट तथा कार्यक्रम तर्जुमाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालना गरिनुपर्ने देखिन्छ ।

१२ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहका नगरउप-प्रमुखले मिति २०८०।३।१० गते रु १ अर्व ९ करोड ३२ लाख ५६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।३।२९ मा नै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट कार्यक्रम र योजना व्यवस्थापन गरिनुपर्दछ ।

१३ **ठेक्का व्यवस्थापनः**

कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छः

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता | | | | | | | | यस बर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| बोलपत्र | १८ | १३३२१८२२१ | ९ | ६३६९२३७३ | ७ | २५६७४०६२ | २ | ४३८५१७८६ | १३ | ७१३५१८१२ |

उल्लेखित विवरण अनुसार यो वर्ष पालिकाले विभिन्न कार्यको लागी रू. १३ करोड ३२ लाख १८ हजार लागतको ठेक्का वन्दोवस्त गरेकोमा प्रथम चौमासिकमा रु. ६करोड ३६ लाख ९२ हजारको ९ ठेक्का, दोश्रो चौमासिकमा रु.२ करोड ५६ लाख ७४ हजारको ७ ठेक्का र तेस्रो चौमासिकमा ४ करोड ३८ लाख ५१ हजारको २ ठेक्का व्यवस्थापनभएको देखिन्छ । ठेक्का व्यवस्थापन मार्फत १३ वटा योजनाहरुमा रु ७ करोड १३ लाख ५२हजार खर्च भई आर्थिक वर्षको अन्त्यसम्ममा १३ वटा मात्र सम्पन्न भइ ५ योजना सम्पन्न गर्न बाँकी देखिन्छ। बाँकी योजना समयमा सम्पन्न गर्न पालिकाले ध्यान दिनुपर्दछ।

१४ **निमार्ण कार्य व्यवस्थापनः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले २० लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य बोलपत्रको माध्यम तथा नियम ९७ बमोजिम उपभोक्ता समिति मार्फत कार्य गराउन सकिने व्यवस्था रहेको छ।

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | |
|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम |
| ५०० | १८ | १३३२१८२२० | ४८२ | १६९५७१६६५ |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल योजनामा मध्ये ठेक्का मार्फत १८ वटा योजनामा रु १३करोड ३२ लाख १८ हजार खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित ४८२ योजनामारु १६ करोड ९५ लाख ७२ हजार खर्चगरेको छ । अर्थात योजनामाभएको खर्च रु ३० करोड २७ लाख ८९ हजार मध्ये ४३.९९ प्रतिशत ठेक्का प्रक्रिया मार्फत ५६.०१ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ । पालिकाले यस वर्ष संचालितयोजनाहरुमा सडक ग्रावेल ७० किलोमिटर र नयाँ ट्र्याक १६ किलोमिटर कार्य गरेकोमा सोनिर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन, उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरु समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

१५ **अनुदान फिर्ताः**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ मा संघीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा भएको वित्तिय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकि रहेको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित प्रदेश तथा स्थानीय तहले फिर्ता गर्नुपर्ने व्यवस्था छ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त चालु | ४४७१७६००० | ४११२८९१२८.७५ | ३५८८६८७१.२५ |
| | शसर्त पूँजिगत | ३३००००००० | २४४५२८७५ | ८५४७१२५ |
| | विषेश | ८०००००० | ७२१६५१८ | ७८३४८२ |
| | समपुरक | ५०००००० | ५०००००० | ० |
| जम्मा | | ४९३१७६००० | ४४७९५८५२२ | ४५२१७४७८ |
| प्रदेश सरकार | शसर्त चालु | २४६४२००० | २२९६४९८० | १६७७०२० |
| | शसर्त पूँजीगत | ४५००००० | ४५००००० | ० |
| | विषेश | १०००००००० | ७४४९६६९ | २५५०३३१ |
| | समपुरक | ३०००००००० | १८४७४०४३ | ११५२५९५७ |
| जम्मा | | ६९१४२००० | ५३३८८६९२ | १५७५३३०८ |
| कुल जम्मा | | ५६२३१८००० | ५०१३४७२१४ | ६०९७०७८६ |

उपर्युक्त विवरण अनुसार संघीय सरकारबाट रु ४९ करोड ३१ लाख ७६ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रु ४४ करोड ७९ लाख ५८ हजार बजेट खर्च भइ बाँकी रु ४ करोड ५२ लाख १७ हजार मिति २०८१।३।२७ मा संघीय संचित कोषमा फिर्ता गरेको देखिन्छ । त्यस्तै प्रदेश सरकारबाट रु ६ करोड ९१ लाख ४२ हजार अनुदान प्राप्त भएकोमा यस आर्थिक वर्षमा रु ५ करोड ३३ लाख ८८ हजार खर्च भएको देखिन्छ भने खर्च गर्न बाँकी रकम रु १ करोड ५७ लाख ५३ हजार मिति २०८१।३।२७ मा प्रदेश संचित कोषमा फिर्ता देखिन्छ ।

## १६ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

## १७ आवधिक योजनाः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषय, क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

## १८ योजना प्राथमिकीकरणः

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा वडागत र पालिकास्तरका कुल ५०० योजनामा वजेट विनियोजन गरेको छ।

| | रु १ लाखसम्म | रु १ लाख देखि २ लाख सम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १०लाख सम्मका | रु १०-५० लाख सम्म | ५० लाख भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| वडा स्तरिय | १६४ | ९३ | ५० | १५ | ६ | | ३२८ |
| न पा स्तरिय | १० | ५२ | ५० | २३ | २७ | १० | १७२ |
| जम्मा | १७४ | १४५ | १०० | ३८ | ३३ | १० | ५०० |

उपर्युक्त विवरणअनुसार पालिकाले पालिका स्तरीय र वडा स्तरीय गरि १ लाख सम्मका योजना १७४, १ लाख देखि २ लाख सम्मका १४५, २ लाख देखि ५ लाख सम्मका १००, ५ लाख देखि १० लाख सम्मका ३८, १० लाख देखि ५० लाख सम्मका ३३ र ५० लाख भन्दा माथिका १० गरि पालिका स्तरीय १७२ र वडा स्तरीय ३२८ योजनाहरुमा रकम विनियोजन गरि योजना सञ्चालन गरेको देखिन्छ । साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत विचार गरी पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## १९ संगठन व्यवस्थापन तथा सर्भेक्षणः

स्थानीय सरकार संचालन ऐन २०७४ को ८६ दफा स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने व्यवस्था छ । पालिकाले व्यवस्थापन तथा सर्भेक्षण सम्बन्धी कार्य गर्दा संघीय कानूनको मापदण्ड बमोजिम आफ्नो कार्यक्षेत्र, कार्यवोझ, कार्यप्रकृति र वित्तिय क्षमताको आधारमा संगठन संरचनालाई उपयुक्त आधारमा व्यवस्थापन सर्भेक्षण गरी तथा सोही ऐनको दफा ८३(३) मा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारबाट लिइने कर्मचारीको दरवन्दीको प्रस्ताव तयार गर्नुपर्नेमा नगरी गत विगतमा रहेको १५४ दरवन्दीलाई बृद्धि गरी २६४ बनाई १६ औं नगरसभाले स्वीकृति गरेको पाईयो । कार्यालयको कार्यवोझ, कार्यप्रकृति र वित्तिय क्षमताको विश्लेषण तथा आन्तरिक आयलाई मध्यनजर नगरी स्थानीय सरकार संचालन ऐन विपरित नगरसभाले व्यवस्थापन सर्भेक्षण गरी दरवन्दी थप गरेको उपयुक्त देखिएन ।

२० **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २६४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत स्थायी ९९ र करार १४३ सहित २४२ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन अधिकृत, इन्जीनियर, शिक्षा अधिकृत, कृषि, पशु अधिकृत सहित २२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

२१ **कर्मचारी व्यवस्थाः**

स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको काममा सेवा करारबाट लिने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र विना प्रस्ताव दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन।पालिकाले उल्लेखित पदहरुमा बाहेक ५६ कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. २३७३४००२ भुक्तानी गरेको पाइयो ।जस मध्ये ७ जना दरबन्दी भन्दा बाहिरका रहेका छन । ऐनको व्यवस्था विपरीत ७ जना दरबन्दी भन्दा बाहिर करारमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| पद | नियुक्ति संख्या | मासिक तलव भत्ता दर रु. | वार्षिक तलब भुक्तानी रु. | कैफियत |
|---|---|---|---|---|
| आलेप अधिकृत | १ | ४७८५१ | ६३२०६३ | दरवन्दी भित्र करार |
| कानुन अधिकृत | १ | ४३६८९ | ५७७९५७ | |
| सव इन्जिनियर | २ | ३४७३० | ९२२९८० | |
| सहायक चौथो।अमिन ।पशु प्राविधिक | ३१ | ३२९०२ | १३५६९५०६ | |
| सहायक कम्प्यूटर अपरेटर | १४ | ३२९०२ | ६१२८१६४ | |
| जम्मा | ४९ | | २१८३०६७० | |
| सर्प प्राविधिक | १ | ४०००० | ३२०००० | दरवन्दी भन्दा बाहिरका करार |
| मनोसामाजिक कार्यकर्ता | ६ | २५००० | १५८३३३२ | |
| जम्मा | ७ | | १९०३३३२ | |
| कुल जम्मा | ५६ | | २३७३४००२ | |

| अनियमित भएको | १५,८३,३३२ |
|---|---|

## २२ मुद्दा दर्ता र फछ्र्यौटः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्र्यौट कारवाही देहाय बमोजिम रहेको छ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्र्यौट/कारवाही भएका विवाद | फछ्र्यौट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| ४ | १३ | १७ | ६ | ११ |

उपरोक्त विवरण अनुसार गत वर्षका ४ मुद्दाटुङ्गो लगाउन बाँकी रहेकोमा यस वर्ष नयाँ १३ मुद्दा दर्ता भई १७ मुद्दा रहेकोमा ६ मुद्दा फस्र्यौट भई यस आर्थिक वर्षको अन्त्यमा ११ मुद्दाको कारबाही हुन बाँकी देखिन्छ। बाँकी मुद्दाको समेत समयमानै टुङ्गो लगाउन तर्फ ध्यान दिनुपर्दछ ।

## २३ कानून निर्माणः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ

| सि.नं. | विवरण | संख्या | यस वर्ष बनेका संख्या |
|---|---|---|---|
| १ | ऐन | १९ | २ |
| २ | नियमावली | ४ | २ |
| ३ | कार्यविधि तथा निर्देशिका | ५४ | १८ |
| ४ | नीति मार्गदर्शन | ४ | १ |
| | जम्मा | ८१ | २३ |

पालिकाले यस वर्षसम्म आफ्नो क्षेत्राधिकार भित्रका १९ ऐन, ४ नियमावली र ५४ कार्यविधि तथा निर्देशिका र ४ नीति गरी जम्मा ८१ वटा कानुन निर्माण गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने गरेको छ । सोहि ऐन को दफा १०२ को (४) अनुसार यसरी बनाइएका ऐन, नियमावली, कार्यविधी पालिकाले प्रदेश सरकार र नेपाल सरकारमा पठाउनु पर्नेमा पठाएको पाइएन।

## २४ सेवा प्रवाहः

पालिकाले यस आर्थिक वर्ष जन्मदर्ता १६४७, मृत्यु दर्ता ५०४, बसाईसराई दर्ता २४८, विवाह दर्ता ७३०, सम्बन्ध विच्छेद ३७ गरी ३१६६ जनालाई पञ्जिकरण सेवा प्रवाह गरेको छ भने भूमिहिन दलित ५६२, भुमिहिन सुकुम्वासी ६१०, अव्यवस्थित बसोवास १०५८४ गरी ११७५६ जना भूमिहिन दलित र सुकुम्बासी तथा अव्यवस्थित बसोबासको लगत संकलन गरेको छ ।

## २५ आर्थिक सहायताः

पालिकाले यस वर्ष विपन्न असहाय विपद व्यवस्थापन लगायतमा रु.३००० देखि रु.२०००० सम्म नगर प्रमुखको तोक आदेशको आधारमा र रु.५०,०००।- सम्म कार्यपालिकाको निर्णयले यस वर्ष २४१ जनालाई आर्थिक सहायता प्रदान गरी रु.२५,७७,८००।- आर्थिक सहायता वितरण गरेको छ जुन आन्तरिक आयको ०.९७ प्रतिशत हुन आउन्छ । आर्थिक सहायता दिँदा स्पष्ट मापदण्ड निर्माण गरि आर्थिक सहायता परिचालन गरिनुपर्दछ ।

## २६ विविध खर्चः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ बमोजिम श्रोत अनुमान तथा बजेट सीमा निर्धारण गरि बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले विविध खर्च शिर्षकबाट यस वर्ष नगरसभा र नगरकार्यपालिका बैठक सञ्चालनमा रु १५६५०० ,अतिथि सत्कार, खाजा खाना तथा अन्यमा रु १५७८६५ र अन्य कार्यक्रममा रु

१९००००० गरी कूल रु.२२१४३६५ खर्च गरेको छ । उक्त रकम आन्तरिक आय रु.३७०८०४०२.३५ को तुलनामा ५.९७ प्रतिशत रहेको छ। यस्तो खर्च गर्दा स्पष्ट खर्चको मापदण्ड निर्धारण गरि यस्तो खर्चमा नियन्त्रण गरिनुपर्दछ ।

२७ **इन्धन खर्चः**

स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सूबिधा सम्वन्धी ऐन, २०७७ को दफा ४(२) बमोजिम सवारी साधन उपलव्ध गराएकोमा अनुसूचीमा उल्लेख भए बमोजिम प्रमुख तथा उप प्रमुखले मासिक १०० लिटर ईन्धन र ५ लिटर मोविल, वडा अध्यक्षलाई मासिक २० लिटर ईन्धन र १ लिटर मोविल पाउने उल्लेख छ । त्यस्तै प्रदेश सरकारको प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा १७ अनुसार अनुसूची ४ बमोजिम कार्यालय प्रमुखले मासिक ७० लिटर र राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहका कर्मचारीले मासिक १० लिटर ईन्धन पाउने उल्लेख छ । पालिकाले यस वर्ष पदाधिकारी, कार्यालय प्रयोजन / अन्य प्रयोजन समेत १० वटा चार पाङ्ग्रे लोडर बाहेक र ३१ दुई पाङ्ग्रे सवारीको लागि बार्षिक रु. ६८,१७,३८५।०० ईन्धनमा खर्च गरेकोमा लगबुक पुर्ण रुपमा अभिलेख नराखी आशिंक रुपमामात्र राखेको देखिन्छ भने ऐन र नियममा भएको ईन्धन सूविधाको सिमाको समेत पालना गरेको देखिएन । पालिकाले ईन्धन खर्च सम्वन्धी मापदण्ड तयार गरी ईन्धन खर्चमा मितव्ययीता कायम गर्न उल्लेखित ऐन र खर्च मापदण्ड निर्देशिकाको पालना गर्नुपर्दछ।

२८ **अनुदानः**

पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छ ।

| क्र स | अनुदानको क्षेत्र | कार्यक्रम संख्या | अनुदान रकम |
|---|---|---|---|
| १ | कृषि तर्फ | १७ | २५०७५० |
| २ | पशु तर्फ | २३ | ९२०००० |
| | जम्मा | ४० | ११७०७५० |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष कृषि तर्फ १७ कार्यक्रममा रु २ लाख ५० हजार तथा पशु तर्फ २३ कार्यक्रममा रु ९ लाख २० हजार गरी ४० कार्यक्रममा रु ११ लाख ७० हजार वितरण गरेकोमा ति लाभग्राही समुदायले गत वर्ष सोही कार्यक्रममा अनुदान लिए नलिएको सम्बन्धमा एकीन हुन सकिएन भने अनुदान लिइसकेपछि संस्था तथा व्यक्तिले सोही कार्यक्रममा खर्च गरे गरेनन पालिकावाट नियमित अनुगमन हुने गरेको पाइएन ।

२९ **सहकारी संस्थाः**

पालिकामा यस आर्थिक वर्षमा सहकारी संस्थाको विवरण देहाए बमोजिम रहेको छ ।

| **सहकारी संस्थाको किसिम** | **सहकारी संख्या** | **सदस्य संख्या** | **शेयर पूँजी रु** | **बचत रु** | **ऋण लगानी रु** | **जगेडा कोष** |
|---|---|---|---|---|---|---|
| वचत तथा ऋण सहकारी संस्था लि. | २९ | १३९६६ | १८२१६७०० | ६१५८९०९८।- | ८२६९१४२४ | ४०२३३६५७ |
| बहुउदेश्यीय सहकारी संस्था लि. | ४ | १२३५० | ९१०८३५० | २४१५३६४७।- | ४१५६४८८९ | २४३६४३१० |
| कृषि सहकारी संस्था लि. | ४४ | १३६५५ | ४५५४१७५ | २५००५२६२।- | ३६५५६३३४ | १४५३२६५० |
| अन्य | १३ | १३६५ | ४५५४१७५ | १०८४१०९१।- | २१८४१०९१ | १३६५६४८ |
| **जम्माः** | ९० | २९०३६ | ३६४३३४०० | १२१५८९०९८।- | १८२६५३७३८ | ८०४९६२६५ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाभित्र ९० वटा सहकारी संस्था २९०३६ वचतकर्ता रहेका छन ।उक्त सहकारी संस्थाहरुमा वचतकर्ताको रु ३६४३३४०० को शेयर पूँजी रु १२१५८९०९८ वचत रकम तथा रु १८२६५३७३८ ऋण लगानी रहेको छ ।

३० **समस्या ग्रस्त सहकारीः**

दुधौली नगरपालिका सहकारी ऐन, २०७५ को दफा ७७ अनुसार सहकारी संस्था समस्याग्रस्त भएको घोषणा गर्न सकिने र दफा ७८ मा व्यवस्थापन समितिको गठन सम्बन्धी कानूनी व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार देहायका दुई संघले वचत कर्ताको रकम फिर्ता गर्न नसकेको कारण जिल्ला प्रशासन कार्यालय, इलाका प्रहरी कार्यालय, प्रहरी चौकी दुधौली तथा सहकारी शाखामा वचतकर्ताको उजुरी दर्ता भएको छ ।

| सहकारी संस्थाको नाम | अध्यक्षको नाम | सदस्य संख्या | शेयर पूँजी रु | बचत रु | ऋण लगानी रु | जगेडा कोष |
|---|---|---|---|---|---|---|
| ज्योति साना किसान कृर्षि सहकारी संस्था | तुलसी पौडेल | १०७२ | ३१९५८०० | ४२५०९५१ | १०९४१५८५ | १७१७०८ |
| पुष्पाञ्जलि महिला सामाजिक बहुउद्धेश्य सहकारी संस्था ली | आशा कुमारी अधिकारी | १०७२ | १४५४७०० | ४३७४७२५ | १३४४८९९१ | ९६४५७० |

उपरोक्त विवरण अनुसार ज्योति साना किसान कृर्षि सहकारी संस्था लि. मा १०७२ जना शेयर सदस्यहरुको शेयर पूँजी रु. ३१ लाख ९५ हजार, बचत रु. ४२ लाख ५१ हजार, ऋण लगानी रु. १ करोड ९ लाख ४१ हजार र जगेडा कोष रु.१ लाख ७१ हजार रहेको देखिन्छ । त्यस्तै पुष्पाञ्जलि महिला सामाजिक बहुउद्धेश्य सहकारी संस्था लि. मा १०७२ जना शेयर सदस्यहरुको शेयर पूँजी रु. १४ लाख ५५ हजार, बचत रु. ४३ लाख ७४ हजार, ऋण लगानी रु. १ करोड ३४ लाख ४९ हजार र जगेडा कोष रु.९ लाख ६४ हजार रहेको देखिन्छ । त्यसैले नगरपालिकाले उजुरी परेका सहकारीको संस्थाहरुको आवश्यक छानविन गरी समस्याको समाधान गर्नुपर्दछ।

### ३१ सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षणः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन। आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नु पर्दछ।

### ३२ पेश्की बाँकी

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फर्स्यौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न प्रयोजनको लागि निम्नानुसारका व्यक्ति, फर्म र संस्थालाई दिएको म्याद नाघेको पेश्की रु.३६,०१,५३०.०० र म्याद ननाघेको पेश्की रु.१,८६,५९,७७९.०० गरी जम्मा रु २,२२,६१,३०९.०० पेश्की आर्थिक वर्षको अन्त्यसम्म पनि फर्स्यौट नभई पेश्की बाँकी देखिएकोले नियमानुसार फर्स्यौट हुनुपर्ने रु.

| सि.नं. | पेश्की लिनेको विवरण | पेश्की लिनुको उद्धेश्य | म्याद नाघेको रु. | म्याद ननाघेको रु. | जम्मा रु. |
|---|---|---|---|---|---|
| १ | ड्रीम हाउस बिल्डर्स प्रालि | धनसरी खानेपानी आयोजना | २६५८००० | ० | २६५८००० |
| २ | एस एण्ड पी छुमा गणेश जेभि | नगरकार्यपालिका कार्यालय भवन निर्माण | ० | ९५१२२८९ | ९५१२२८९ |
| ४ | शाहि कन्स्ट्रक्सन प्रालि | वडा नं ७ कटहरेबाट पोखरे जोड्ने दुधौली खोला पहाडी दहमा | ७८०००० | ० | ७८०००० |
| ५ | कृश्मा कन्स्ट्रक्सन प्रालि | १४ नं वडा कार्यालय भवन निर्माण | ० | ८४७४९० | ८४७४९० |
| ६ | शाहि कन्स्ट्रक्सन प्रालि | वडा नं १ बाट लंगुरखोला महादेव मन्दिर जाने बाटो तथा | १६३५३० | ० | १६३५३० |
| ७ | सहिल । बि एम बि जेभि | बाँदरेघाट पक्किपुल निर्माण वडा नं १३ | ० | ८३००००० | ८३००००० |
| **जम्मा** | | | **३६०१५३०** | **१८६५९७७९** | **२२२६१३०९** |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **७१७,७६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ३६,०१,५३० |

३३ **राजश्व अभिलेखः**

पालिकाले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन ।पालिकाले आन्तरिक राजश्व रु.२७५०७००८।३३ र अन्य राजस्व रु.९५७३३९४।०२ गरि जम्मा रु. ३७०८०४०२.३५ आम्दानी देखाएको छ भने प्राप्त भएको राजस्व र प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा परीक्षण भिडान गर्ने पद्धतिको विकास भएको पाइएन। पालिकाले म.ले.प.फा.नं. १०१ देखी ११५ सम्मका फारामहरु प्रयोग गर्ने र पालिकाबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने र सो को अद्यावधिक गर्दै आगामी दिनमा नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत अभिलेख व्यवस्थित गरिनुपर्दछ । म.ले.प फारम प्रयोग नगर्दा परीक्षण भिडान नहुने र प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा एकिन हुन सकिएन।

३४ **सफ्टवेयर खरिदः**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यबस्था रहेको छ । पालिकाले यस वर्ष मेडिप्रो हस्पिटल सफ्टवेयर खरिद गरी रु.२,४८,६०० र योजना व्यवस्थापन प्रणाली मर्मत मा रु ३५५०० गरी रु २८४१०० खर्च गरेको छ । खरिद गरिएको सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई अझै प्रभावकारी रुपमा प्रयोग गर्नुपर्दछ ।

३५ **घर जग्गा वहाल करः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५७ बमोजिम नगरपालिले आफ्नो अधिकार क्षेत्र भित्र बहाल कर लगाउन सक्ने व्यवस्था छ । यस वर्ष पालिकाले घर जग्गा वहाल कर शुल्क वापत रू १२४५६०३।९२ कर संकलन गरेको छ। पालिकाले उक्त बहाल कर को क्षेत्रगत लगत नराखेकाले कुन क्षेत्रबाट कति बहाल कर उठ्छ भन्ने कुराको एकिन गर्न सकिएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।

३६ **कर संकलनः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान रु ५९४५३७१६ गरेकोमा असुली रु ३७०८०४०२.३५ भएको छ ।जुन अनुमानको तुलनामा ६२.३६ प्रतिशत हुन्छ । अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ । विभिन्न शिर्षकमा असुलि गरेको विवरण निम्नानुसार रहेको देखिन्छ ।

| आयशीर्षक | अनुमान | असुली | असुलीप्रतिशत |
|---|---|---|---|
| सम्पतीकर | १०००००००० | १९१६९४४ | १९ |
| भुमिकर/मालपोत | ५०००००० | २१५६८९० | ४३ |
| वहालकर | २०००००० | १२४५६०४ | ६२ |
| वहाल विटौरीकर | २०००००० | ३५११९५० | १८ |
| व्यवसायलेभुक्तानीगर्ने | ० | ४८०० | |
| कृषि तथा पशुजन्यवस्तुकोव्यावसायिककारोवारमालाग्नेकर | ८००००० | ९५०८१९ | ११९ |
| अन्यकर | ० | ५६०० | |
| सरकारी सम्पत्तीकोवहालबाटप्राप्तआय | ० | ५६८४० | |
| अन्य स्रोतबाटप्राप्तरोयल्टी | ० | ४९०८८ | |
| सरकारी सम्पतीकोबिक्रीबाटप्राप्तरकम | ० | ११००० | |
| अन्य बिक्रीबाटप्राप्तरकम | १०००००० | ३१०१८२ | ३१ |
| विद्युत सेवाशुल्क | ० | ८०० | |
| अन्यसेवाशुल्कतथाबिक्री | ८८५३७१६ | ९४५९५४ | ११ |
| न्यायिक दस्तूर | ० | ५६०० | |
| शिक्षाक्षेत्रकोआम्दानी | ० | ६०० | |
| परीक्षा शुल्क | ० | १००० | |
| अन्य प्रशासनिकसेवाशुल्क | ० | ५०८००० | |
| पार्किङ्ग शुल्क | ६००००० | १००००० | १७ |
| नक्सा पास दस्तुर | ५०००००० | ११९५९३८ | २४ |
| सिफारिश दस्तुर | ३०००००० | ३०४४२५४ | १०१ |
| व्यक्तिगत घटनादर्तादस्तुर | १०००००० | ८२५००४ | ८३ |
| नाता प्रमाणितदस्तुर | ५००००० | ४०१०२० | ८० |
| अन्य दस्तुर | २५००००० | २८५९५८७ | ११४ |
| व्यावसाय रजिष्ट्रेशनदस्तुर | १०००००० | ८५८०० | ९ |
| न्यायिकदण्ड, जरिवानारजफत | ० | १४९७ | |
| प्रशासनिक दण्ड,जरिवानारजफत | ५००००० | ४२९३५ | ९ |
| प्रदुषण नियन्त्रणशुल्क | ० | ५५३७५ | |
| अन्य राजस्व | १००००० | २२० | ० |
| | | | |

| | | | |
|---|---|---|---|
| व्यवसायकर | १५०००००० | १७९१५४३३ | ११९ |
| बेरूजू | ५००००० | २०३१६७० | ४०६ |
| धरौटी सदरस्याहा | १००००० | ०२०५४६२८४ | ० |
| जम्मा रु. | ५९४५३७१६ | ३७०८०४०२.३५ | ६२.३६ |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

३७ **व्यवसाय करः**

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु १७९१५४३३ कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको पाईएन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३८ **नक्सा दर्ता र पासः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) मा गाउँपालिका/नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । पालिकाको भवन निर्माण ईजाजात शाखाबाट भएको नक्शा दर्ता संख्या तथा नक्सापास संख्याको विवरण देहाय बमोजिम रहेको छः

| क्र.सं. | आर्थिक वर्ष | नक्सा दर्ता संख्या | नक्सापास संख्या |
|---|---|---|---|
| १ | **२०८०।२०८१** | २९० | २९० |

उपरोक्त विवरण अनुसार यस वर्षको अवधिमा पालिकाले जम्मा २९० वटा नयाँ नक्सा दर्ता २९० वटा नक्सापास गरेको छ । त्यसैगरी पालिकाले नक्सा दर्ता र पास गर्दा भवन संहिताको प्रभावकारी पालना र कार्यान्वायनलाई ध्यान दिंदै नक्सा पास, अद्यावधिक तथा अभिलेखीकरणको कार्यमा समेत ध्यान दिनुपर्दछ ।

३९ **ढुगा गिटी वालुवा संकलन तथा विक्रिवितरणः**

वागमती प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय प्रदेश सरकारको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वियन गर्न वनेको ऐन २०८० को दफा ९ अनुसार आ.व. २०८०।८१ मा माटो ढुङ्गा गिटी वालुवा दहत्तर वहत्तर को संकलन मा अनुसुची ५ अनुसार प्रतिघन फिट रु ९ रुपैयाका दरले शुल्क लाग्ने गरि ठेक्का लगाई कर संकलन गरी ४ वटा ठेक्का वाट रु ९६,४३,६१६।९९ मा मुल्य अभिवृद्धि कर तथा अग्रीम कर कट्टा तथा ढिला रकम दाखिला गरेकोमा जरिवाना समेत लगाई कर संकलन गरेको छ भने कुल रकममा ४० प्रतिशतले हुने ३३९७१००।४३ प्रदेश सरकारमा पठाएको साथै ६० प्रतिशतले हुने रु ५०,९५,६५०।६२ स्थानीय सञ्चित कोषमा दाखिला गरेको छ। ठेक्का लगाएका घाटहरु मा के कति ढुंगा वालुवा उत्खनन गरियो भिडान गर्न अभिलेख राखिनु पर्दछ।

४० **फोहरमैला व्यवस्थापनः**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ र ४ बमोजिम पालिका भित्रको फोहरमैलाको प्रबन्ध र व्यवस्थापन गर्ने ऐनको दफा १३(१) अनुसार यस ऐन बमोजिम स्थानीय तहको अनुमति नलिई कसैले पनि फोहरमैला व्यवस्थापन सम्बन्धी काम गर्न वा गराउन नसक्ने व्यवस्था रहेकोमा हालसम्म पालिकाबाट कसैले पनि फोहरमैला व्यवस्थापन कार्यको अनुमति लिएको छैन । तर हाल पालिकाले पालिकाको आफ्नै सवारी साधनको प्रयोग गरेर फोहोर मैला ब्यबस्थापन गरेको छ ।

४१ **सोझै तथा टुक्रे खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद कार्य गर्न नहुने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम (३१) मा बीस लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको मालसामान खरिद गर्दा खुला बोलपत्रको

माध्यमद्धारा खरिद गर्नुपर्ने व्यवस्था छ । खुला बोलपत्रको माध्यमवाट खरिद गर्दा बढी प्रतिस्पर्धा भई कम मुल्यमा सामान प्राप्त हुने हुन्छ। त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ मा उल्लेख भएअनुसार वार्षिक खरिद योजना तयार गरी आवश्यकता अनुसार खरिद विधि छनौट गरी प्रतिस्पर्धात्मक विधि अवलम्बन गर्नुपर्दछ । लेखापरीक्षणका क्रममा नमुना परीक्षण गर्दा पालिकाले यस वर्ष देहायवमोजिम मेशिनरी औजार, फर्निचर, मसलन्द तथा कार्यालय सामग्री सोझै खरिद गरि रु २५,९२,६१३।- भुक्तानी गरेको देखियो । ऐन तथा नियमावलीमा भएको ब्यबस्था विपरित यस प्रकारको सोझै खरिद गरेको नियमसम्मत देखिएन ।

| क्र सं | मिति | भौचर नं | कार्यक्रमको नाम | पार्टिको नाम | रकम |
|---|---|---|---|---|---|
| १ | २०८१।०२।२३ | ६३४ | मेसिनरी औजार | शिव विनोद सप्लायर्स | २४९७३० |
| २ | २०८१।०३।१७ | ७७८ | | हार्मोनी हार्डवेयर सप्लायर्स | ९९५३०४ |
| ३ | २०८०।०६।२५ | ४२ | | न्यू एस.वि इलेक्ट्रोनिक्स | ४२३९१७ |
| ४ | २०८१।१।२२ | ४२२ | | श्रेष्ठ कम्प्युटर ट्रेडर्स | २५२४४२ |
| ५ | २०८०।०६।२५ | ८२ | छपाइ | लाली गुरास अफसेट प्रेस | ६७१२२० |
| जम्मा | | | | | २५९२६१३ |

४२ **सोझै खरिदः**

११२१।२०८१।३।२४ - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा यो ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। पालिकाले मधुगंगा महादेवस्थल पर्यटन पुर्वाधार कार्यक्रम संचालन गर्न वार्षिक बजेट नीति तथा कार्यक्रममा सि.नं. २९२ मा रु १,३०,००,०००।- बजेट विनियोजन भै सो कामको लागी निर्माण व्यवसायीसँग सम्झौता भई सकेपछि सोहि बजेट बाट सो क्षेत्रमा रहेको धर्मशाला रहेको सामान व्यवस्थापनका लागि पुनः ठेक्का आह्वान गरी साला भेना कन्ट्रक्सन लाई रु ८,२६,४००।- भुक्तानि दिएको देखिएकोले सो कामलाई टुक्रा गरी कार्य गरेकोमा नियमित नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ८,२६,४०० |

४३ **साझेदारी आयोजनाः**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४६ मा गैरसरकारी संस्थाबाट काम गराउने सकिने व्यवस्था अन्तर्गत जनचेतना सम्बन्धी तालिम,अभिमुखिकरण,सबलीकरण,मूल प्रवाहीकरण जस्ता कार्य गैरसरकारी संस्थाबाट गराउँदै छिटो छरितो,प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैरसरकारी संस्थाबाट तोकिए बमोजिमको प्रकृया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ।त्यसैगरी सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९९(१) मा ऐनको दफा ४६ बमोजिम गैरसरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता,किसिम,समायवधि,कामको गुणस्तर,जनशक्ति,कार्य सञ्चालनको विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने र ९९(२) मा सार्वजनिक निकायले दश लाख रुपैयाँसम्मको काम गराउनको लागि त्यस्तो काम गर्ने उदेश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैरसरकारी संस्थालाई कम्तीमा पन्ध्र दिनको अवधि दिई राष्ट्रियस्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नु पर्ने व्यवस्था छ । पालिकाले आ व २०८०।८१ मा निम्नानुसारका खानेपानी आयोजना सञ्चालन गर्न नेपाल स्वास्थ्यको लागि पानी(NEWAH) नामक गैर सरकारी संस्थासंग संस्थाकै प्रस्ताव बमोजिम सम्झौता गरी आयोजनाको कुल लागत अनुमान तयार गरेर दक्ष मिस्त्री ज्याला, सामाग्री खरिद,बालुवा ढुवानी ज्याला,ईलेक्ट्रिफिकेशन जडान,पाईपलाईन खनेको अनुदान जस्ता सामानमा पालिकाले खर्च व्यहोर्ने गरी सम्झौता गरेको देखिएको छ । कार्यसम्पन्न पश्चात भुक्तानी क्रममा पालिकाले लागत व्यहोर्ने कार्यको मात्र कार्यसम्पादन प्रतिवेदन पेश गर्ने गरेको देखिएकोले सम्झौतामा उल्लेख भएको सम्पूर्ण लागत अनुमान बमोजिम नै कार्यसम्पन्न प्रतिवेदन तयार नहुँदा खर्चको सदुपयोग भयो भएन एकिन हुने आधार देखिएन।

| आयोजनाको नाम | कुल लागत अनुमान | नेवा साझेदारी | पालिका साझेदारी | श्रमदान | कुल भुक्तानी |
|---|---|---|---|---|---|
| कुन्द्री खानेपानी तथा सरसफाइ उपभोक्ता समिति | ४७०२४४३ | १८७५२०० | १४३१९२६ | १३९५३१७ | ४७०२४४३ |
| बाँस्टोटे खानेपानी तथा सरसफाइ उपभोक्ता समिति | ६८३८८५१ | ३२८५७२३ | १४८४१८३ | २०६८९४५ | ६८३८८५१ |
| जम्मा | ११५४१२९४ | ५१६०९२३ | २९१६१०९ | ३४६४२६२ | ११५४१२९४ |

**४४ मन्दिर, गुम्बा र चर्च निर्माणः**

पालिका भित्र रहेका मन्दिर गुम्बा र चर्चको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | धार्मिक स्थलको प्रकार | २०७९।८० सम्मको संख्या | २०८०।८१ मा थप संख्या | पालिकाको अनुदान रकम | |
|---|---|---|---|---|---|
| | | | | संख्या | रकम |
| १. | मन्दिर | २० | १६ | १६ | ३२५०००० |
| २. | गुम्बा | २ | ३ | ३ | ७५०००० |
| ३. | चर्च | ३ | १ | १ | ७०००० |
| जम्मा | | २५ | २० | २० | ४०७०००० |

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(फ)मा भाषा संस्कृतिको संरक्षण र विकासमा दिएको अनुदानको अनुगमन गर्नुपर्दछ ।

**४५ उपभोक्ता समिति परिचालन र व्यवस्थापन सम्बन्धमाः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट कार्य गराउँदा सोही नियमावलीका प्रावधान अनुसार कार्य गर्नुपर्ने व्यवस्था छ । पालिकाले केही योजना हरु वाहेक १० लाख भन्दा मुनिका योजना हरु उपभोक्ता समिति वाट गराउने गरेको पाइयो । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

(क) खर्चको अनुमोदन - नियमावलीको नियम ९७ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । नियमावलीमा व्यबस्था भए बमोजिमको बील, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने गरेको पाइएन ।

ख) प्राविधिक विल र कार्यसम्पन्न - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

ग) उपभोक्ता समितिबाट भएका निर्माण कार्यको गुणस्तर - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ (ख) मा उपभोक्तासमितिसँग गरिने सम्झौतामा निर्माण कार्यको गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राख्नुपर्ने उल्लेख छ । पालिकाले उपभोक्ता समितिहरुसँग गरेका सम्झौतामा गुणस्तर नियन्त्रण सम्बन्धी प्रावधान राखेको पाइएन । उपभोक्ता समिति मार्फत् कार्यान्वयन तथा सञ्चालन हुने निर्माण कार्यको गुणस्तर सुनिश्चित गरी दिगोपना कायम गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने

गराउने, गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः कार्यविधिमा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक पहल हुनुपर्दछ ।

घ) हेभी इक्विपमेण्टको प्रयोग - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांश मा लागत अनुमान तयार गर्दा को समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई सार्वजनिक निकायबाट सहमति लिएको पाइएन ।

ङ) लागत सहभागिता - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

च) आयोजना हस्तान्तरण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

### ४६ वीमाः

...

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **७,४९७,७२६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| अनियमित भएको | ० |

### ४७ सड्काधीक, कान्लामूनि आहाले झोलुङ्गेपूलः

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा खरिद सम्झौता वमोजिम सम्पन्न भएको निर्माण कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि आपूर्तिकर्तालाई करारको शर्तनामा वमोजिम अन्तिम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले सड्काधीक, कान्लामूनि आहाले झोलुङ्गेपूलका लागी स्टील पार्ट सामान आपूर्ति गर्न जलप नेपाल प्रा.ली सँग २०८०।३।११ मा रु २४,८९,०५७। ८१ सम्झौता गरी भौचर नम्बर ४ मिति २०८०।६।४ मा निजलाई रु २४,८९,०५७।- भुक्तानी दिएकोमा सो सामान कति समय भित्र सम्बन्धित स्थानमा पुर्‍याएको तथा कति समय भित्र सामान उपलब्ध गराउनुपर्ने हो सो समय प्राप्त नभएकोले सम्झौता गर्दा सामान डेलिभरी समय उपलब्ध गराउनुपर्ने कार्य तालिका पेश गर्नुपर्दछ ।

### ४८ काममा ढिलाः

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम २८ को उप नियम १२ मा साल वसाली प्रकृतिको विशेष प्रकारको आयोजनाको लागि कुनै सरकारी वजेटमा समावेश भएको रकम निकासा दिदा सम्वन्धित मन्त्रालय मार्फत दिनु पर्ने व्यवस्था रहेको छ ।मधुगंगा महादेव स्थल पर्यटन पुर्वाधार निर्माण गर्न सस्कृति पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय र पालिका वीच सम्झौता भई मन्त्रालयले ६५ प्रतिशत र पालिकाले ३५ प्रतिशत खर्च व्यहेर्ने गरी निर्माण व्यवसायी संग २०८०।११।३० भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७८।७।१२ रु ६,०३,०१,२१२।२८ को सम्झौता भई आ.व. २०८०।८१ सम्म रु २,५०,५३,८५१।- खर्च भएको छ भने ६५ प्रतिशत खर्च व्यहोर्ने मन्त्रालयवाट २ पटक गरी रु ७७,९९,१५७।- रकम मात्र प्राप्त भएको पालिकाले जनाएको छ । तोकिएको समयमा कार्य सम्पन्न गर्ने संघीय मन्त्रालयवाट तोकिए वमोजिमको रकम समयमा नै पठाएको पाइएन । यसरी सम्झौता गर्ने तर रकम

कार्य सम्झौता वमोजिम नपठाउदा लागत वढने र समयमा सम्पन्न गर्न नसकिने देखिएकोले सम्झौता वमोजिम रकम पठाउनु पर्न देखिन्छ ।

४९ **समयमा पेस्की फर्स्योट नभएकोः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(५) मा सार्वजनिक निकायले उप नियम (१) वमोजिम दिएको पेश्कि खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग बिल वा अन्य बिल विजक बाट कट्टा गर्नुपर्नेछ भन्ने व्यवस्था साथै खरिद सम्झौतामा कामको ३० प्रतिशत भन्दा माथि काम भएमा पेश्कि कट्टा गर्दै जानुपर्ने र ८० प्रतिशत सम्म काम भएमा निर्माण व्यवसायीलाई दिएको पेश्कि पुरै कट्टा गर्नुपर्ने सम्झौतामा उल्लेख भएकोमा ८० प्रतिशत भन्दा बढी काम भैसकेको अवस्थामा निम्नानुसारका निर्माण व्यवसायीलाई दिएको पेश्कि फछ्यौट भएको पाइएन।

| सि.नं. | काम | निर्माण व्यवसायी | सम्झौता रकम | भुक्तानी रकम | भुक्तानी प्रतिशत | पेश्कि बाकिँ |
|---|---|---|---|---|---|---|
| १ | डकाहा खानेपानी योजना दुधौली | सन्तोष कन्ट्रयाक्ट्रर | ६७२४३६१।२७ | ५७३९६०३ | ८५.३५ | ७१७७६७ |
| २ | कटहरे बाटो पोखरे जोड्ने दुधौली खोला | शाही कन्ट्रक्सन प्रा.ली | ६५०१९४१।५१ | ५६०१८१० | ८६.१५ | ७८०००० |
| ३ | लंगुरखोला महादेव मन्दिर जाने बाटो | शाही कन्ट्रक्सन प्रा.ली | २१६६९२९।४५ | १८३६१२३ | ८४.७३ | १६३५३० |
| जम्मा | | | | | | १६६१२९७ |

५० **परामर्श सेवाः**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ (क) मा परामरर्श सेवा खरिद गर्दा सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ । बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायका परामर्शदाता कम्पनीलाई रु ३२१०००० परामर्श शुल्कवापत भुक्तानी गरेकोमा सो अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत रकम रु ३२९६२७३३१.६ रहेको छ ।

| **कार्यबिबरण** | **परामर्शदाता** | **खर्च रकम** | **अध्ययनबाटनिर्धारण भएको आयोजनाको लागत** |
|---|---|---|---|
| Kamla Corridor tatha Sadak Nirman 9,10 | Omega Engineering Construction pvt.Ltd | ४८०००० | ९४५७६८३५.९४ |
| Kamla Corridor tatha Sadak Nirman 4,5 | Engineering Deurali pvt.Ltd | ४७१००० | १५२८१०००० |
| Badhare Ghat Paki Pool Nirman | Impluse Consultant Pvt.Ltd | १२९१००० | ० |
| Aadharbhut Swasthe Chauki Dakaha | Oria Engineering and Construction Pvt.Ltd | ४७०००० | ३७३८४६२६.३५ |
| Brihat Khaanepani Ward No 4 | Advance Take Design and Construction Pvt.Ltd | ४९८००० | ४४८५५८६९.२७ |
| | | ३२१०००० | ३२९६२७३३१.६ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । यस्ता डिपिआर पालिकाकै जनशक्तिवाट गराउने र सो को पर्याप्त विश्लेषण गरि कार्यान्वियनयोग्य आयोजनाहरुको मात्र डिपिआर तथा गुरुयोजना बनाउनुपर्दछ ।

५१ **वार्षिक खरिद योजना/गुरुयोजनाः**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना

बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत लाभग्राहि समुदाय समेतवाट वार्षिक रु.३० करोड २७ लाख ८९ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको मा खरीद गुरुयोजना वनाएको पाइएन ।

५२ **ठेक्का प्रतिस्पर्धाः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १.४४ देखि ४८.२१ प्रतिशत सम्म घटीमा कबोल गर्ने योजना कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.स. | योजनाको नाम | प्रस्तिस्पर्धीगर्ने संख्या | लागत अनुमान (भ्याट बाहेक ) | कबोल रकम | घटी प्रतिसत | ठेक्का परेकोबोलपत्रदाता |
|---|---|---|---|---|---|---|
| 1 | Kamala Corridor Tatha Sadak Nirman at Dudhauli Ward Number 9 and 10 | ३ | २९३६७४४९.९५ | १९२९७३८६.२९ | ३४.२९ | Prime/Aaryan JV Sindhuli,Nepal |
| 2 | Construction of Primary Health Care Centre Building at Dudhauli -04, Dakaha | ७ | ११७८४०७२.३१ | ७४९७७२५.८८ | ३६.३७ | Santosh Contractor and Suppliers Pvt.Ltd Dudhauli -9, Sindhuli |
| 3 | Nagarpalika chhetra bhitra raheko sarbajanik jagga samrachan | ४ | ११५५०३६.३४ | १११७२८९.९३ | ३.२७ | Giddhabar Nirman Sewa |
| 4 | Sindhuli jillako Dudhauli Nagarpalika wada Number 5 ma Madan Bhandari Lokmargabaat Sirthauli Aspatal Hundai School Samma Jane Bato Nirman | ८ | २७२०३५५.८१ | १४०८८०३.२३ | ४८.२१ | Pakhrin Nirman Sewa Pvt.Ltd Kamalamai -7 Sindhuli |
| 5 | Tinkune Katahare Katle Jhakritar sadak Dudhauli 7 tatha Madan Bhandari Rajmargabata Tinkune Hudai Wada Number 7 ko Aadharbhut Bidhyalaye Katle Larang Sammako Bato Staronnati Ward Number 7. | ५ | ६१०६४४७.७ | ३४४२८३०.४४ | ४३.६२ | Shahi Construction Pvt.Ltd Dudhauli-9 Sindhuli |
| 6 | Aadharbhut Aspatal Bhitrako Nursing Quarter Nirman tatha Swasthya Chauki Bawan Nirman Ward Number 8 | २ | २७०९३४५.४७ | १९७७८८६.५१ | २७.०० | Shahi Construction Pvt.Ltd Dudhauli-9 Sindhuli |
| 7 | Jinakhu Khola Thakur Khola Pakki Pul Dudhauli Na.Pa. 12 DPR Samet | ६ | १२५११५८३४.२६ | ९०९४९३१.९६ | २७.३३ | KLKN Nirman Sewa Private Limited Kamalamai Municipality-5 |
| 8 | Chhapaaha Kupri danda Sadak Storunnati Dudhauli 13 | ४ | २५१२९४०.३७ | १९९९१०८.७३ | २०.४५ | Saala Bhena Construction, Du.Na.Pa -2,Sindhuli |
| 9 | Kamala Corroder Tatha Sadak Nirman Dudhauli Ward 4 ra 5 | ३ | २९४६७५०१.६ | १७८५६४१०.२९ | ३९.४० | Dahal Nirman Sewa, Kamalamai Municipality -4, Sindhuli |
| 10 | Kamala Corridor Jitpur Fedi Dekhi Bhunte Chauri Sadak Dudhauli 9 | २ | ४३७१६००.१२ | ४३०४०८६.३८ | १.५४ | Jageshwor Construction Pvt.Ltd Dudhauli-9 Sindhuli |
| 11 | Dakaha Khaanepani Aayojana, Dudhauli 4, Dakaha | ५ | ८५१६१८५.५७ | ६७२४३६१.२७ | २१.०४ | Santosh Contractor and Suppliers Pvt.Ltd Dudhauli -9, Sindhuli |
| 12 | Dudhauli Hanuman Bazar Kshetra Lagayat Bibhinna Bazarharuma Sadak Nala Marmat Ebam Byebasthapan tatha Ramjanaki Najik Lakhimakholama Poolko Danya Banya Sadak Byabasthapan | ३ | १९९९४०७.५८ | १०५०८७४.६ | ४७.४४ | Jageshwor Construction Pvt.Ltd Dudhauli-9 Sindhuli |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 13 | Nagarpalika Prabeshadwar Gate Nirman | ६ | ९७५६४३.२७ | ६४६९५३.३९ | ३३.६९ | Lucky One Builders and Suppliers Pvt.Ltd |
| 14 | Tinkune Katahare Jaane Batoma Shahi Bangurkhor Najik Kholsima Culvert Nirman | ३ | १६८१७९८.५४ | १६५७५२३.९७ | १.४४ | Santosh Contractor and Suppliers Pvt.Ltd Dudhauli -9, Sindhuli |
| 15 | Construction of 14 Number Ward Office Building | ६ | ७५११०५०.८८ | ४७८८३२०.५७ | ३६.३२ | Krishma Constructions, Bhangal -9,Kathmandu |
| 16 | Dudhauli Nagarpalika 7 Katahre Baat Pokhare Jodne Dudhauli Khola Pahadi Daahma Nirman Karya | ९ | ११७८८८०९ | ६५०१९४१.५१ | ४४.८५ | Shahi Construction Pvt.Ltd Dudhauli-9 Sindhuli |
| 17 | Sindhuli Jilla Ko Dudhauli Na.Pa Ward No 1 Bata Langurkhola,Mahadev Mandir Jaane Bato Nirman | ३ | २९९८२४८.१८ | २१६६९२९.४५ | २७.७३ | Shahi Construction Pvt.Ltd Dudhauli-9 Sindhuli |
| 18 | Badareghat Pakkipool Nirman Ward No 13 | १० | ५५७१००२८.६३ | ४१६८४८५६.४९ | २५.१७ | SAHIL-BMB J/V |

५३ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण मूल्य कार्य सम्पादन जमानत पेश्की ग्यारेन्टीको अवस्था काम सम्पन्न गर्नुपर्ने मिति भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

५४ **स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्तीः**

पालिकामा आर्थिक वर्ष २०८०।८१ मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाए बमोजिम रहेको छ ।

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | दरबन्दी | पदपूर्ती | | सेवाग्राहीको संख्या |
|---|---|---|---|---|---|
| | | | स्थायी | करार | |
| अस्पताल | १ | ३० | १० | २० | २५०७७ |
| स्वास्थ्य चौकी | ९ | ६३ | ४७ | १६ | ६७७०० |
| आधारभूत स्वास्थ्य सेवा केन्द्र | ६ | १८ | ० | १८ | २७०१३ |
| जम्मा | १६ | १०२ | ५७ | ५४ | ११९७९० |

उक्त विवरण अनुसार पालिकामा जम्मा १ अस्पताल ९ स्वास्थ्य चौकी तथा ६ आधारभूतस्वास्थ्य सेवा केन्द्रमा कुल १०२दरबन्दी रहेकोमा हाल ५७ पद स्थायी र ५४ पद करार मार्फत पुर्ती गरी यस वर्ष ११९७९० जना सेवाग्राहीलाई स्वास्थ्य सेवा प्रवाह गर्ने गरेको देखिन्छ ।

५५ **औषधी खरिदः**

सार्वजनिक खरीद नियमावली २०६४ को नियम ८५ को उपनियम १ ( क ) पच्चीस लाख रुपैया सम्मको औषधी जन्य मालसमान नेपालमा उत्पादित मालसमानको उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सुचना प्रकाशन गरी तोकेको विक्री मुल्यमा सोझै खरीद गर्न सकिने छ भन्ने व्यवस्था रहेको छ पालिकाले राष्ट्रिय स्तरको समाचार पत्रमा सुचना प्रकाशन नगरी सोझै विधिवाट विभिन्न फर्मवाट रु ३४२८७४८ । को खरीद गरेको छ ।यस वाट आपुर्ति हुने औषधी डव्लु एच ओ सर्टिफाइड हुनुपर्ने, औषधीको उत्पादन मिति , व्याच न, म्याद समाप्त हुने मिति उल्लेख गरी सम्वन्धीत विज्ञवाट मुचुल्का उठाइ राख्ने नगरेको,आपुर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनु अघि स्पेशिफिकेशन अनुसार भए नभएको नखुलाएका कारण औषधीको गुणस्तर र म्याद सम्वन्धमा एकीन हुन सकिएन । औषधी खरीदको आपुर्ति दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेका औषधीको जिम्वेवारी सारी अभिलेख व्यवस्थित गर्ने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ ।

५६ **पारिश्रमिक करः**

...

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **४,८६२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **८,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

५७ **गरिवि निवारणका लागि लघुउद्यम कार्यक्रमः**

गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुंदा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरुलाई बिक्री गर्ने तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ। यसरी बिक्री पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिकाले यस बर्ष ३९ जना सहभागि गराई ४ वटा सिपमूलक तालिम सञ्चालन गरी रकम रु ६४२८१० खर्च गरेको देखिएको छ तर उत्पादित सामान वा वस्तुहरु विक्री गरी राजस्व दाखिला गर्ने तथा विक्री नभएका सामान तथा वस्तु स्टोर दाखिला गर्ने गरेको नदेखिएको साथै प्रत्येक वर्ष सञ्चालन गरेका सिपमूलक कार्यक्रममा सहभागि भएका व्यक्तिहरु के कति मात्रामा लद्युउद्यमि बन्न सफल भए सोको अनुगमन तथा मूल्याङकन गर्ने गरेको नपाइएकोले यस तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।

५८ **गृहणी महिला सशक्तिकरण कार्यक्रमः**

प्रदेश भित्र स्थायी रूपमा वसोबास गर्ने गृहिणी महिलाहरूको सशक्तीकरणका लागि उद्यमशीलता, स्वावलम्बन र सीपमूलक स्वरोजगार एवम् आत्मनिर्भर बनाउन सहयोग गर्ने उदेश्यले सञ्चालन हुने गृहिणी महिला सशक्तीकरण कार्यक्रमलाई सरल, सहज र प्रभावकारी रूपमा कार्यान्वयन गर्ने उद्देश्यले, प्रदेश सुशासन ऐन, २०७७ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकारले गृहणी महिला सशक्तिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० तर्जुमा गरेको छ। कार्यविधी को दफा ६ (१) मा तालिम सञ्चालन गर्दा कम्तिमा १५ दिन देखि ३ महिना सम्म को हुने उल्लेख गरेको छ।यस वर्ष पालिकाले देहाय बमोजिम तालिम सञ्चालन गरेको पाइयो।

| सि.न. | वडा | तालिमको प्रकार | भएको दिन | सहभागी |
|---|---|---|---|---|
| १ | ५ | उद्यमशील बिकास | ५ | १५ |
| २ | ४ | उद्यमशील बिकास | ५ | १२ |
| ३ | ५ | करेशाबाली निर्माण तथा व्यवस्थापन | ६ | १४ |
| ४ | १३ | उद्यमशील बिकास | ५ | २० |
| ५ | १३ | व्यवसायीक तरकारी खेती | ६ | १३ |

पालिकाले कार्यक्रम संचालन गर्दा कार्यविधि र सम्झौता बमोजिम सहभागी छनौट गरी कम्तीमा तोकिएको न्युनतम दिन सहभागीले तालिममा सहभागी भई उद्यमशीलता, स्वावलम्बन र सीपमूलक स्वरोजगार एवम् आत्मनिर्भर बनाउन सहयोग गर्ने उदेश्यले कार्यक्रम छनौट गरी सञ्चालन गर्नुपर्दछ।

५९ **विपन्न दलित सशक्तिकरण कार्यक्रमः**

बागमती प्रदेशभित्र स्थायी बसोबास गर्ने विपन्न दलितहरुलाई सशक्तिकरण र उद्यमशील बनाउन उद्यमशीलता,स्वावलम्बी र सीपमुलक तालिम मार्फत आत्मनिर्भर बनाउने उदेश्यले प्रदेश सुशासन ऐन,२०७७ को दफा ४६ ले दिएको अधिकार प्रयोग गरी बागमती सरकार सामाजिक बिकास मन्त्रालयले विपन्न दलित सशक्तिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० तर्जुमा गरी कार्यान्वयन गरेको छ। कार्यविधी को दफा ६ (१) मा तालिम सञ्चालन गर्दा कम्तिमा १५ दिन देखि ३ महिना सम्मको हुने उल्लेख गरेको छ।यस वर्ष पालिकाले देहाय बमोजिम तालिम सञ्चालन गरेको पाइयो।

| सि.न. | वडा | तालिमको प्रकार | भएको दिन | सहभागी |
|---|---|---|---|---|
| १ | ६ | तरकारी खेती | ३ | १६ |
| २ | ६ | कृष्टल माला तथा चुरा | १० | १५ |
| ३ | १० | तरकारी खेती | ३ | १४ |
| ४ | १० | तरकारी खेती | ३ | १४ |

पालिकाले कार्यक्रम संचालन गर्दा कार्यविधि र सम्झौता बमोजिम सहभागी छनौट गरी कम्तीमा तोकिएको न्युनतम दिन सहभागीले तालिममा सहभागी भई उद्यमशीलता, स्वावलम्बी र सीपमुलक हुने कार्यक्रम छनौट गरी सञ्चालन गर्नुपर्दछ।

६० **कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता कार्यक्रमः**

६०.१ कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्न लाभग्राहीहरुलाई स्वावलम्वी समूहहरुमा बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुसरणवाट उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिवृद्धि गर्नु र बिषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ पशु खरिद, वागवानी तथा ढुवानी, कृषि सामग्री तथा यन्त्र उपकरण, तालिम तथा अनुगमनका लागि कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता साझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल) र पालिका वीच रु १० करोडको लागत साझेदारीमा मिति २०८३।९।१६सम्म कार्यक्रम सञ्चालन गर्ने गरी मिति २०७९।५।१६ मा सम्झौता भएको छ । कुल लागत मध्ये ७० प्रतिशतले हुने रकम रु ७ करोड पालिकाले र बाँकी हुने रकम रु ३ करोड हेफरले व्यहोर्ने व्यवस्था गरेको छ।यस परियोजना अन्तर्गत यस कार्यालयवाट हेफर प्रोजेक्ट नेपाललाई आ.व. २०८०।८१ मा रु२,०७,०९,९८५।- भुक्तानी भएको छ । हेफर इन्टरनेशनलसँग बहु वर्षीय दायित्व सिर्जना गर्ने गरी सम्झौता गर्नु बजेट नीति तथा सिद्धान्त बमोजिम देखिएन ।दुधौली नगरपालिका र हेफर प्रोजेक्ट नेपाल नामक गैर सरकारी संस्था सँग देहायका उदेश्य राखी मिति २०८३।०९।१६ सम्म कार्य अवधि रहेको कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता कार्यक्रम संचालन गर्न कुल बजेट रु १० करोडको ७० प्रतिशतले हुने रु ७ करोड पालिकाले व्यहोर्ने र बाँकि ३० प्रतिशतले हुने रु ३ करोड हेफर प्रोजेक्टले व्यहोर्ने गरि मिति २०७९।९।१३ मा सम्झौता भएको पाइयो।

· आवद्ध लाभग्राहिलाई स्वालम्बी समूहहरु तथा सहकारीमा आवद्ध गर्दै सामाजिक पूँजिको अभिवृद्धि गर्नु,

· व्यवसायिक कृषि तथा तरकारी उपजहरुको उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि गर्ने तथा बजार व्यवस्थापनमा सुधार गर्नु,

· सुधारिएको बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुशरणबाट बाख्राको उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिवृद्धि र बजार व्यवस्थापनमा सुधार गर्नु,

· बाख्रा विषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ सकारात्मक वातावरण सृजना गर्नु रहेको छ।

सो परियोजना व्यवस्थापनको नेतृत्व र कार्यान्वयनको जिम्मेवारी ३० प्रतिशत अंश व्यहोर्ने हेफर प्रोजेक्ट नेपालको रहने र हेफर प्रोजेक्ट नेपालले परियोजना साझेदार संस्था अर्थात पालिकाको जनता विकास गर्ने र सम्पादित गुणस्तरको सुनिश्चितता गर्ने गरी सम्झौता गरी कार्य गरेकोमा पालिकाले सो प्रोजेक्टको नाममा आर्थिक बर्ष २०८०।८१ मा रु २ करोड ७ लाख ९ हजार खर्च लेखेको छ। परियोजनाको सम्झौता सो को कार्यन्वयनको अवस्था कार्य सञ्चालन गरेको विधि र प्रक्रिया स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २५ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिपालना भएको देखिएन। यस सम्बन्धमा व्यहोरा निम्नानुसार रहेका छन।

(क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(८) मा स्थानीय तहले सार्वजनिक नीजि साझेदारीमा कुनै योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्ने व्यवस्था भए पनि गैर सरकारी संस्था सँग स्थानीय तहले खर्च व्यहोर्ने गरी कुनै योजना साझेदारी गर्न सक्ने प्रावधान रहेको छैन। स्थानीय तहले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २५ बमोजिम गैर सरकारी संस्थाले स्थानीय तहसँग समन्वय गरी सञ्चालन गर्न सक्ने व्यवस्था गरेको छ। गैर सरकारी संस्थावाट कार्य गराउने सन्दर्भमा सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालीम, अभिमुखीकरण, सबलीकरण, मूलप्रवाहीकरण जस्ता कार्य छिटो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ वमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ। सो नियमावलीको नियम ९९ मा गैर सरकारी संस्थाबाट दश लाख रुपैया सम्मको काम गराउनको लागी त्यस्तो कामको आवश्यकता , कामको गुणस्तर, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त तयार गरी कम्तीमा १५ दिनको अवधिको सूचना मार्फत कम रकमको प्रस्ताव पेश गर्ने योग्य संस्था सँग सम्झौता गर्न सकिने व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन मा स्थानीय तहले खर्च व्यहोर्ने गरी कुनै योजनाको सञ्चालन तथा व्यवस्थापन गैर सरकारी संस्थाले गर्ने गरी साझेदारी गर्न सक्ने व्यवस्था नगरेको अवस्थामा पनि कृषि तथा पशु उद्यमशीलता परियोजना सञ्चालनका लागि पालिकाले लागतको ७० प्रतिशत खर्च रु ७ करोड व्यहोर्ने गरी लागत साझेदारीको नाममा हेफर प्रोजेक्ट नेपाल सँग सम्झौता गरेको तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा निर्दिष्ट क्षेत्र सँग अमिल्दो गरी सम्झौता गरेको छ ।

६०.२ (ख) योजना तथा कार्यक्रमका लागि बजेट तयार गर्दा बढी प्रतिफल वा उपलब्धी प्राप्त हुने, तुलनात्मक लाभ बढी भएका र सामाजिक लाभ उच्च भएका आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय श्रोत,साधन र सीपको अधिकतम प्रयोग हुने, योजना तथा कार्यक्रम प्रस्ताव गर्नुपर्दछ। योजना सञ्चालनको दोस्रो वर्षमा पालिकाको ७० प्रतिशतमा पशु खरिद तथा ढुवानीमा रु ६३ लाख ७० हजार, वागवानी तथा ढुवानीमा रु १४ लाख ६२ हजार, कृषि सामाग्री तथा यन्त्रमा रु ६४ लाख ६१ हजार, तालिममा रु ३३ लाख ८८ हजार तथा प्राविधिक सेवा तथा मूल्याङकनमा रु २३ लाख १९ हजार गरी रु २ करोड विनियोजन गरिएकोमा रु २ करोड ७ लाख ९ हजार खर्च गरेको छ। पालिका मातहत नै आफ्ना योजना तथा कार्यक्रम सञ्चालनका लागि कृषि, पशु, प्राविधिक लगायतका विषयगत क्षेत्र हेर्ने संगठनात्मक संरचना र जनशक्ति रहेको अवस्थामा पालिकाले आफै सो परियोजना सञ्चालन गर्न सक्ने ज्ञान, सीप र क्षमताको विश्लेषण र मूल्याङकन नै नगरी कार्य गैर सरकारी संस्थाबाट गराउनु जवाफदेही र औचित्यपूर्ण रहेको पुष्टि हुन सकेन। हेफर प्रोजेक्टले सो परियोजनाका लागी ३० प्रतिशत खर्च व्यहोर्ने उल्लेख गरे तापनि ती खर्च कार्यक्रममा संचालन सँग सम्बन्धित रहेको र संचालन खर्चको सीमा उसैको नियन्त्रणमा रहेकोले सो खर्चको मितव्ययिता र दक्षता बिश्लेषण गर्न सकिएन।

६०.३ (ग) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५०, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा कुनै फर्म, संस्था वा कम्पनिलाई पेश्कि दिँदा प्रचलित कानुन वमोजिम बैंक जमानत लिनुपर्ने व्यवस्था विपरित कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता कार्यक्रम संचालनार्थ हेफर प्रोजेक्ट नेपाललाई सम्झौताको सि.नं. ७.२.२

वमोजिम पेश्कि दिएको पाइयो। सम्झौताको उक्त दफामा पहिलो पक्ष नगरपालिकाले दोस्रो पक्ष हेफर प्रोजेक्ट नेपाललाई पहिलो किस्तामा कुल रकमको २५ प्रतिशत, दोस्रो किस्तामा ५० प्रतिशत र तेस्रो किस्तामा २५ प्रतिशत रकम निकासा गर्ने उल्लेख छ। वर्षान्तिमा पेश्कि बाँकि नरहेता पनि जमानत वेगर पेश्कि दिँदा सो को अन्यत्र प्रयोग हुन नपाउने गरी पेश्किका लागी छुट्टै बैंक खाता नखोली पेश्कि उपलब्ध गराएको र मासिक रुपमा खर्चको फाटवारी र बैंक स्टेटमेण्ट लिएको पाइएन। आर्थिक कार्यविधि कानुनको प्रावधान विपरित जमानत बेगर पेश्कि दिन मिल्ने व्यहोरो सम्झौतामा राखी स्वीकृत गर्ने र कानूनी व्यवस्था सँग वेमल हुने गरी सम्झौता गर्दा पेश्कि रकमको सुरक्षण हुने देखिएन। सम्झौता गर्दा पेश्किको सुरक्षण हुने गरी गरिनुपर्दछ।

६०.४ (घ) सम्झौताको सि.नं. ७.२.४ मा आयकर निर्देशिका २०६६ अनुसार भुक्तानीमा अग्रिम कर कट्टी गरी सो को दाखिला गर्ने जिम्मेवारी दोस्रो पक्षको हुने भन्ने र दोस्रो पक्षलाई सम्झौतामा उल्लेखित किस्ता रकम अग्रिम कर कट्टी नगरी उपलब्ध गराउनुपर्ने छ भन्ने व्यवस्था अनुरुप हेफर प्रोजेक्ट लाई यस वर्ष रु २ करोड पेश्किको रुपमा उपलब्ध गराएकोमा अग्रिम कर कट्टी गरी रु ४२१७४८ दाखिला भएको छ।

६०.५ (ङ) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार २० लाख सम्म लागत अनुमान भएको जुनसुकै सेवा सिलबन्दी दरभाउपत्र मार्फत खरिद गर्न सकिने व्यवस्था रहेको छ। हेफर प्रोजेक्ट लाई दिएको रकममा पशु खरिद तथा ढुवानीमा रु ५२,४१,९७९।-, वागमानी तथा ढुवानीमा रु १८,१४,०३०।-, कृषि सामाग्री तथा यन्त्रमा रु ८४,४५,९७६।-, तालीममा रु २७,७०,०१९।- र प्राविधिक सेवा तथा मूल्याङ्कनमा रु २४,१६,८५३-। गरी रु २,०६,८८,८४८।- खर्च गरेकोमा खरिद तथा ढुवानीमा खर्च गरेको विवरण पेश गरेकोमा कति सामाग्री खरिद गरिएको हो सो खरिद गर्दा सार्वजनिक खरिद नियमावली प्रयोग गरेको पाइएन।

(च) कर सम्बन्धमाः आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम सेवा शुल्क भुक्तानिमा १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले उद्यमशीलता परियोजनाका लागी यो बर्ष हेफर प्रोजेक्ट लाई भौचर नम्बर ४४, २१६, २१७, ६२५, ६२७ र १०२६ बाट रु २,०७,०९,९८५।- खर्च लेखेकोमा हेफर प्रोजेक्ट नेपालले मूल्य अभिवृद्धि कर वीजक जारी नगरेको अवस्थामा ऐन बमोजिम लाग्ने १५ प्रतिशतका दरले कर कट्टा नगरी भुक्तानी दिएको छ।

६०.६ (छ) हेफर प्रोजेक्टलाई सम्झौता अनुसार दोस्रो वर्षको कार्यक्रम सञ्चालन गर्न पहिलो किस्ता २०८० साउनमा रु ५०,००,०००।- दोस्रो किस्ता २०८० मंसिरमा रु १,००,००,०००।- र तेस्रो किस्ता २०८० चैत्रमा रु ५०,००,०००।- गरी रु २,००,००,०००।- निकासा दिनुपर्नेमा पालिकाले संघीय सरकार समानीकरण अनुदानबाट रु १,७८,००,०००।- बागमती प्रदेश सरकार समानीकरण अनुदान बाट रु १७,१६,३९६।- र आन्तरिक श्रोत बाट रु ११,९३,५८९।- गरी रु २,०७,०९,९८५।- निकासा भएकोले तोकिएको सम्झौता भन्दा बढी रु ७,०९,९८५।- हेफर नेपालबाट फिर्ता लिनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,०९,९८५ |

६१ **मर्मत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाबाट प्राप्त विवरण अनुसार ११ वटा चार पाङ्ग्रे र ३१ वटा २ पाङ्ग्रे सवारी साधन मर्मत गरेवापत वार्षिक रू ८१६३०००।०० खर्च गरेको छ । पालिकाले मर्मत खर्चको अभिलेख राखेता पनि व्यवस्थित गरी अद्यावधिक मर्मत अभिलेख राखेको छैन। यस्तो खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

६२ **कन्टिजेन्सी खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिजेन्सी खर्च समावेस गर्न सकिने र खर्च गर्दा वर्क चार्ज र स्टाफ खर्चमा २ प्रतिशत र अन्य साना तिना खर्च २ प्रतिशत खर्च

गर्ने सन्दर्भमा सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायबाट कार्यविधि स्वीकृत गराई गर्नुपर्दछ।कटिन्जेन्सी रकम योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक आयोजनाको खर्च (मु.अ.करबाहेक) बाट छुटयाउनुपर्ने र कार्यक्रम स्वीकृत गरी वर्क स्टाफ चार्जमा २ प्रतिशत र अन्य सानातिना कार्यमा २ प्रतिशतको सीमाभित्र आवश्यकता अनुसार कन्टिजेन्सी खर्चको व्यवस्थित अभिलेख राख्नुपर्दछ। पालिकाले यस वर्ष कन्टिन्जेन्सी वापत रु ४७,२९,०२१.९६ खर्च गरेको छ । नियमावलीमा ब्यवस्था भए बमोजिमको प्रतिशत नकट्ने गरी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ ।

६३ **अन्य निकायको खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा १८ मा बजेट निकासा सम्बन्धी व्यवस्था छ । सोही ऐनको दफा १८ (४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्बन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त व्यवस्थाको पालना वेगर कार्यालयले छुट्टै बजेट र अस्तित्व भएको देहायका कार्यालयलाई भुक्तानी गरेको रकम नियम सम्मत देखिएन ।

| भौचर नं मिति | कार्यालयको नाम | विवरण | रकम |
|---|---|---|---|
| ७६०।२०८१।१।३ | जिल्ला प्रशासन कार्यालय सिन्धुली | सवारी साधन मर्मत वापत व्रदर्श अटो वर्कशप लाई भुक्तानी | १५२१९० |
| ११४६।२०८१।२।३२ | जिल्ला ट्राफिक कार्यालय सिन्धुली | ब्याट्रि खरिद | १६५०० |
| **जम्मा** | | | **१६८६९०** |

६४ **विपद् जोखिम तथा न्यूनीकरणका लागी सामाग्री खरिदः**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ बमोजिम गठित जिल्ला विपद व्यवस्थापन समिति सिन्धुलीको मिती २०८०।४।१४ गते समितीका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको बैठकको निर्णय नं १० मा विपदका बखत उद्धार कार्यमा अति आवश्यक सामाग्री यस जिल्लामा न्यूनता रहेको हुँदा तपसिलमा उल्लेखित सामाग्रीहरु सुरक्षा कर्मीको जिम्मा मा रहने गरी उपलब्ध गराइदिन कमलामाई र दुधौली नगरपालिकाबाट ५ लाखका दरले तथा हरिहरपुरगढी, मरिण, तीनपाटन र घ्याङलेख गाँउपालिकाबाट ४ लाखका दरले जम्मा २६ लाख उपलब्ध गराउन अनुरोध गर्ने र सामाग्रीको गुणस्तर तथा सामाग्री प्राप्तीको लागी प्राविधिक विषयमा सशस्त्र प्रहरी बल नेपाल आश्रीत गुल्म सिन्धुलीले आवश्यक सहयोग गर्ने तथा खरिद प्रक्रिया तथा थप समन्वय दुधौली नगरपालिकाबाट अगाडी बढाउने निर्णय गरेकोमा यस सम्बन्धी देखिएको व्यहोरा निम्नानुसार छ।

(क) विपद् बखत उद्धार सामाग्री खरिदको लागी यस दुधौली नगरपालिकाको विविध खर्च खातामा कमलामाई नगरपालिकाबाट रु ५ लाख तथा हरिहरपुरगढी, मरिण, तीनपाटन र घ्याङलेख गाँउपालिकाबाट रु ४ लाखका दरले रु १६ लाख गरी जम्मा रु २१ लाख जम्मा भएको देखिन्छ।

(ख) सशस्त्र प्रहरी बल नेपाल आश्रीत गुल्म सिन्धुलीले तयार गरेको लगत स्टीमेन्ट रु २६ लाख अनुसार यस नगरपालिकाले ठेक्का नं Dudhauli/GOODS/NCB/007/०८०-८१ को मिति २०८०।४।३० गते पालिकाको वेवसाइटमा सुचना प्रकाशन गरेकोमा कुनै पनि वोलपत्र नपरेकोले पुनः २०८०।६।४ गते दोस्रो पटक पालिकाको वेवसाइटमा सुचना प्रकाशन गरेकोमा J and J Traders प्रा.ली र Dili Ratna Group of company गरी दुई वटा वोलपत्र परेको देखिन्छ। मुल्याङकन समितिले बोलपत्र मुल्याङकन गर्दा घटी रकम रु १९,१९,३०५।- कवोल गरको Dili Ratna Group of company छनौट गरी मिती २०८०।८।२० मा खरिद सम्झौता गरी मिति २०८०।१०।२४ सम्म सामान आपुर्ति गर्न कार्यदेश दिएकोमा सामाग्री प्राप्त गरी सशस्त्र प्रहरी बल नेपाल आश्रीत गुल्म सिन्धुलीलाई नगरपालिकाले हस्तान्तरण गरेको देखिन्छ।

(ग) पालिकाले वोलपत्र आह्वान गर्दा लागत अनुमान भन्दा घटी रकममा सामाग्री आपुर्ति गरेकोले अन्य स्थानीय तहबाट प्राप्त रु २१ लाख मध्ये रु १९,१९,३०५।- Dili Ratna Group of company लाई भुक्तानी दिएको र बाँकि रहेको रु १,८०,६९५।- पालिकाको दैविक प्रकोप व्यवस्थापन कोषमा जम्मा गरेको छ साथै पालिकाले साझेदारी गर्नुपर्ने रु ५ लाख साझेदारी गरेको देखिएन।

६५ **कर्मचारी कल्याण कोषः**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-५** को निर्णयले रू **२,०००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

## ६६ अस्थायी कर्मचारीको तह वृद्धि

अर्थ मन्त्रालयको कार्यसंचलान निर्देशिका, २०७७ (आठौं संस्करण) को बुँदा नं ७.१.७ मा अस्थायी कर्मचारीको सुविधा सम्वन्धि उल्लेख गरेको छ। साथै स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ८५(२) मा कर्मचारी समायोजन सम्बन्धि व्यवस्था छ। तत्कालिन जिविसको पाचौ तह अस्थायी सेवामा कार्यरत श्री मल्लवलाल अधिकारीलाई नगरपालिकामा अस्थायी सेवा सहायकस्तर पाँचौ तहमा समायोजन गरी सोही तहमा कार्यरत कर्मचारीलाई नगरपालिकाको मिति २०७५।३।३१ गतेको चौथो नगरसभाको निर्णयले अधिकृतस्तर छैटौ तहमा तहवृद्धि(पदोन्नती) र नगरपालिकाको मिति २०७८।९।१४ को सभाको निर्णयबाट अधिकृतस्तर सातौ तहको जिम्मेवारी दिनेगरी तहवृद्धि(पदोन्नती) गरी आ व २०८०।८१ मा मात्र रु. १४४५७३। थप खर्च लेखेको पाइयो। ऐन नियम विपरित अस्थायी सेवामा समायोजन भई आएका कर्मचारीलाई तहवृद्धि गर्ने सभाको निर्णय कानुनसम्मत देखिएन। यसरी प्रचलित कानुनमा व्यवस्था नभएपनि पटक पटक सभाले निर्णय गरी तहवृद्धि गरेको हुदाँ निजले लिएको थप सुविधा वापतको तलव, भत्ता, ग्रेड, चाडपर्व खर्च र थप कर्मचारी संचयकोषसमेत कार्यालयले एकिन गरी असुल गर्नुपर्दछ।

## ६७ बढी ग्रेड भुक्तानीः

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **७,५२७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## ६८ आय करः

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **१०,५११** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## ६९ विद्यालय र विद्यार्थी संख्याः

पालिकाले तयार पारेको शैक्षिक सत्र २०८० चैत्रको विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विधार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ७८ | १४९०० |
| २ | संस्थागत विद्यालय | १३ | २२८३ |
| | **जम्मा** | **९१** | **१७१८३** |

उपरोक्त विवरण अनुसार पालिकाभित्रका ९१ विद्यालयमा जम्मा विधार्थी संख्या १९२७२ रहेकोमा ८६.७१ प्रतिशत सामुदायिक र १३.२८ प्रतिशत विधार्थी संस्थागत विद्यालयमा अध्यनरत रहेको देखिन्छ ।

## ७० सामुदायिक विद्यालयको दरबन्दी र पदपुर्तीः

आर्थिक वर्ष २०८०।८१ मा पालिका भित्रका ७८ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाए बमोजिम रहेको छ ।

| विद्यालयको किसिम | दरबन्दी संख्या | स्थायी पदपूर्ती | पदपूर्ती मध्ये राहत/करार | रिक्त दरबन्दी |
|---|---|---|---|---|
| सामुदायिक | २६३ | २३७ | २२ | ४ |

उक्त विवरण अनुसार पालिकामा जम्मा २६३ दरबन्दी रहेकोमा २३७ जना स्थायी पदपूर्ती र २२ जना राहत/करारमा नियुक्त गरी ४ पद रिक्त देखिन्छ। पालिकाले विद्यालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ती गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७१ **संस्थागत विद्यालयको छात्रवृत्तिः**

दुधौली नगरपालिकाको शिक्षा ऐन २०७५ को दफा ३९ बमोजिम संस्थागत विद्यालयले कुल विद्यार्थीको १५ प्रतिशत छात्रवृत्ति विपन्न एवं सिमान्तकृत विद्यार्थीलाई उपलब्ध गराउनु पर्ने व्यवस्था छ । साथै दफा ३९ को ४ बमोजिम समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नुपर्ने उल्लेख छ ।तर पालिका अन्तर्गत सञ्चालित १३ संस्थागत विद्यालयमा २२८३ जना विद्यार्थीहरु अध्ययन रत रहेको विवरण प्राप्त भएको छ जस अनुसार ३४२ जना विद्यार्थी हरुले छात्रवृत्ति प्राप्त गर्नुपर्नेमा सो बमोजिम छात्रवृत्ति प्रदान गरे नगरेको सम्बन्धमा पालिकाले अनुगमन गरेको छैन। अत संस्थागत विद्यालयहरुले ऐनको व्यवस्था बमोजिम छात्रवृत्ति प्रदान गरे नगरेको सम्बन्धमा अनुगमन गरी छात्रवृत्ति प्रदान गर्न आवश्यक पहल गरिनुपर्दछ।

७२ **शैक्षिक गुणस्तरः**

पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८० सालको एस.ई.ई. परीक्षामा जम्मा ३०२ विधार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहाय बमोजिम रहेको छ ।

| क्र.स. | जिपिए | सहभागी विद्यार्थी संख्या | | उत्तिर्ण विधार्थी संख्या | | सहभागी मध्ये उत्तिर्ण प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक |
| १ | ३.६१ - ४.०० | ११५ | १०५६ | ५ | २ | ४.३५ | ०.१८ |
| २ | ३.२१ - ३.६० | | | ३९ | ६ | ३३.९१ | ०.५६ |
| ३ | ३.२१ भन्दा कम ल्याउने | | | ६९ | ६२९ | ६० | ५.६८ |
| | जम्मा | | | ११३ | ६३७ | ९८.२६ | ६०.३२ |

उल्लेखित तालिका अनुसार ३.६१ - ४.०० जि.पि.ए. ल्याउने ७ जना विधार्थी मध्ये ५ जना संस्थागत र २ जना समादयिक, ३.२१ - ३.६० जि.पि.ए. ल्याउने ४५ विधार्थी मध्ये ३९ जना संस्थागत र ६ जना सामुदायिक विद्यालयबाट उत्तिर्ण भएको देखिन्छ ।३.२१ भन्दा कम जि.पि.ए. ल्याउने ६९८ विद्यार्थी मध्ये ६९ जना संस्थागत र ६२९ जना सामुदायिक विद्यालयबाट उत्तिर्ण भएको देखिन्छ। जसअनुसार उच्च जि.पि.ए. ल्याउने विद्यार्थी सामुदायिक विद्यालयमा न्यून देखिएको तथा सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.२५,१६२।– रहेकोमा उत्तिर्ण प्रतिशत न्यून रहेकोले सामुदायकि विद्यालयको शैक्षिक गुणस्तरमा थप सुधार गर्नुपर्ने देखिन्छ।

७३ **प्रति विद्यार्थी लागत**

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/८१ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| **बजेट विवरण** | **बजेट रकम** | **खर्च रकम** | **विद्यार्थी संख्या** | **प्रति विद्यार्थी लागत** |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | ४११६०२००० | ३७४९११९२७.५९ | १४९०० | २५१६२ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको वाल विकास देखि कक्षा १२ सम्म प्रति विद्यार्थी लागत रु. २५१६२।– रहेको छ ।

७४ **शिक्षक दरबन्दी मिलान र विद्यालय समायोजनः**

पालिकाको औषत शिक्षक विद्यार्थी अनुपात १:२७ रहेकोमा सार्वजनिक विद्यालय समायोजन एवं एकिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार संघीय कानूनले तोके बमोजिम विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य गरेको पाईएन ।त्यसैले आवश्यकता र औचित्य समेतलाई विचार गरी प्रचलित कानून अनुसार विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान तर्फ सम्बन्धित निकायहरुले ध्यान दिनुपर्दछ ।

७५ **निर्वाह खर्चः**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को कम्पोनेन्ट नं २.७.१३.५० मा प्राविधिक धार संचालन भएका विद्यालयहरुमा प्राविधिक धारमा अध्ययन गर्ने विद्यार्थीका लागि व्यवहारिक खर्चमा सहभागि हुने विद्यार्थीका लागि प्रति महिना रु १००० का दरले सम्बन्धित विद्यार्थीको खातामा रकम उपलब्ध गराउने व्यवस्था रहेकोमा पालिकामा प्राविधिक धारतर्फका सरस्वती माध्यमिक विद्यालय डकाहामा सिभिल इन्जिनियरिङ कक्षा ९ देखि १२ र नमूना माध्यमिक विद्यालय लदाभिरमा बालिविज्ञान कक्षा ९ देखि १२ कक्षा सम्म सञ्चालन भएको छ ।सरस्वती माध्यमिक विद्यालय डकाहामा व्यवहारिक अभ्यास खर्च प्राप्त गर्ने ८४ जना विद्यार्थी मध्ये १३ जना र नमूना माध्यमिक विद्यालय लदाभिरमा ८३ जना मध्ये १८ जना विद्यार्थीलाई मात्र बैंक खातामा रकम भुक्तानी दिएको र अन्य लाई भर्पाइबाट भुक्तानी गरेको देखिएको छ ।यसरी भर्पाइ बाट रकम भुक्तानी गर्दा सम्बन्धित विद्यार्थीले प्राप्त गरेको विषयमा विश्वस्त हुन नसकिएको हुँदा विद्यार्थीले प्राप्त गर्ने व्यवहारिक अभ्यास वापत को निर्वाह खर्च सम्पुर्ण विद्यार्थीको बैंक खातामा नै भुक्तानी गर्ने तर्फ ध्यान जानु पर्दछ ।

७६ **दिवा खाजाः**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.११.१ को क्रियाकलाप ७.१ बमोजिम स्थानीय तहले विद्यालय खुलेको आधारमा विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका(परिक्षामा सामेल भएको दिन समेत) को प्रतिलिपि विद्यालयको प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई संख्या एकिन भए पश्चात मात्र प्रारम्भिक बालविकास कक्षादेखि कक्षा ५ सम्म अध्यनरत बालबालिकाहरुका लागि रु.१५/- का दरले १८० दिनका लागि त्रैमासिक रुपमा निकासा गर्ने र त्रेस्रो त्रैमासिकमा अनुदान निकासा गर्दा पहिलो र दोस्रो त्रैमासिकमा निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यस आ व २०८०।८१ मा प्रथम त्रैमासिकमा रु ४९८६२८५ दोस्रो त्रैमासिकमा ४१२३१९२ तेस्रो त्रैमासिकमा ४५८७८१० र चौथो त्रैमासिकमा ५११७५१५ गरी वर्षभरिमा जम्मा रु १८८१४८०२ खर्च गरेको देखिएको छ। विद्यालयबाट वितरण हुने दिवा खाजा विद्यार्थीको स्वास्थ्यसंग प्रत्यक्ष सरोकारको विषय भएकोले पालिकाबाट नियमित अनुगमन गरिनुपर्दछ।

७७ **शिक्षक काज**

शिक्षा ऐन २०२८ को दफा १६ (च) को उपदफा (१) मा सामुदायिक विद्यालयका शिक्षकलाई शिक्षा प्रदान वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउनु हुदैन भन्ने व्यवस्था रहेको छ ।साथै शिक्षा नियमावली २०५९ को नियम १३३ को उपनियम १ को खण्ड (ज) मा सामुदायिक विद्यालयका शिक्षकले व्यवस्थापन समिति र शिक्षा विकास समन्वय ईकाइबाट स्वीकृती नलिई आफु बहाल रहेको विद्यालय बाहिर कामकाज गर्न नहुने व्यवस्था रहेको हुँदा यस पालिका अन्तर्गतको श्री नमूना मावि लदाभिरका प्रा वि द्धितिय शिक्षक पालिकाको शिक्षा शाखामा काम गर्ने गरी काजमा रहेको हुँदा विद्यालयमा विद्यार्थिलाई शिक्षक को परिपूर्ति गर्न र पठन पाठनमा बाधा पर्ने हुँदा विद्यालयमा फिर्ता पठाउन पालिकाले पहल गर्नुपर्दछ ।

७८ **सेनेटरी प्याडः**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को कम्पोनेन्ट २.७.१३.२३ मा सामुदायिक विद्यालयका कक्षा ६ देखि १० सम्मका छात्राहरु तथा आवश्यकतानुसार अन्य कक्षाका छात्राहरुको कम्तिमा १० महिनालाई पुग्ने स्यानीटरी प्याड निशूल्क रुपमा वितरण गर्ने व्यवस्था रहेको छ । यस पालिकामा रहेका ८५ विद्यालय मध्ये कक्षा ५ देखि माथि अध्यापन गराईने ३४ विद्यालयका ४१६८ छात्रालाई मासिक रुपमा आवश्यक पर्ने २ प्याकेटले हुन आउने जम्मा ८३३६० प्याकेट बराबर माग संकलन गरी ७०००० प्याकेटका लागि रु ५५ का दरले रु ४३५०५०० बराबरको लागत अनुमान तयार गरी ठेक्का नं 23/NCB/GOODS/DMUN/2079/80 आव्हान गरेकोमा ६ वटा फर्म ले बोलपत्र दर्ता गरेकोमा सबैभन्दा कम रु २५७४७०५

मा कवोल गर्ने श्री एन्जल टच म्यानिफ्याक्चरिङ बाट ७०००० थान प्रतिथान रु ३२.५५ (भ्याट बाहेक) का दरले रु २५७४७०५ रकम बराबर सेनेटरी प्याड मिति २०८०।४।२८ मा खरिद गरी भुक्तानी दिएको देखिएको छ ।

७९ **वितरण भरपाईः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-३** को निर्णयले रू **५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८० **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीय तहमा स्वीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको बिकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्यांक अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७ को सि.नं. ४ अनुसार श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको बार्षिक योजना तर्जुमाका सबै चरण पुरा गरि आयोजना बैंक तयार गरी सोहि आयोजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिको आधारमा पालिकाले योजना सञ्चालन गर्नुपर्ने हुन्छ । पालिकामा यस वर्ष सुचिकृत बेरोजगार जना मध्ये १०३ जनाले यस आ.व. मा पालिका अन्तर्गतका १४ वटा वडामा १४ वटा कार्यक्रम सञ्चालन भई रू. ५५७०४५२ - खर्च भएको र ३ जना कर्मचारीहरुलाई पोशाक खर्च बापत रु. ३० हजार र ३ जनाको तलब भत्तामा रु.१४९०९३७ खर्च भएको छ । सञ्चालित योजनाको संख्या तथा रोजगार दाताको व्यहोराहरु निम्नानुसार छन् ।

| सि.नं. | योजना तथाकार्यक्रमहरुको नाम | रोजगारकोसंख्या | कुल खर्च रकम | रोजगार संयोजक प्रा स लगायतको तलब चाडपर्व र पोशाकमा खर्च भएको |
|---|---|---|---|---|
| १ | ठाँटीमन्दिर धर्मशाला निर्माण | ७ | ४६७६००.० | १५२०९३७.०० |
| २ | सडकमर्मत सम्हार | २ | ६६८००.० | |
| ३ | सडकस्तरोन्नति | १० | ४६७६००.० | |
| ४ | धामीटोलखोला सम्म नाला निर्माण, घारिथुन्सी भित्री बाटो स्तरोन्नती | ९ | २४०४८०.० | |
| ५ | भिमफेदीजिनाखु सडक र दुधौली ५ रातमाटा सडक मर्मत | ९ | ९६१९२.० | |
| ६ | ग्रामिणसडक स्तरोन्नती भताही देखि तल्लो दमन सम्म | ७ | ४६७६००.० | |
| ७ | छविलालगिरीचोक देखि भट्टराईटोल हुँदै खत्रीटोल जाने मोरङ्गे रानाखाडी बरवासे टोलस्तरोन्नति | ९ | ६०१२००.० | |
| ८ | तावाखोलाटतबन्ध निर्माण | ५ | २००४००.० | |
| ९ | किरातेश्वरशिबमन्दिर पैदलयात्री बाटो निर्माण, कुमराखोला तारजाली निर्माण | ७ | ३२७३२०.० | |
| १० | मंगलपुरबाटखोला जानेबाटो स्तरोन्नती | ५ | ३३४०००.० | |
| ११ | माथिल्लोपत्रिङ्गा गोलेडाँडा मर्घट्टी नाला तथा बाटो स्तरोन्नति | ७ | ४६७६००.० | |
| १२ | आम्बोटेचोकदेखि जिनाखु चोक सम्म नाली निर्माण | ८ | ४२७५२०.० | |
| १३ | हिलेखोला१५०० मिटर पुरानो पाईप, ठकुरथान सोलीङ्ग तथा नाली मर्मत | १० | ७७१५४०.० | |
| १४ | प्र.म.रो.का.साझेदारी (झाँक्रीटार सडक स्तरोन्नती) | ८ | ६३४६००.० | |
| | जम्मा | १०३ | ५५७०४५२ | १५२०९३७ |

यसरी प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस पालिकामा यस आ वमा रु.७०९१३८९।- खर्च भएको देखिन्छ। निर्देशिका बमोजिम योजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिलाइ रोजगारी दिनुपर्दछ ।

८१ **सामाजिक सुरक्षा भत्ता वितरणः**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५ सामाजिक सुरक्षा नियमावली २०७६, सामाजिक सुरक्षा भत्ता संचालन कार्यविधि २०७७ को प्रावधान वमोजिम गर्नु पर्ने व्यवस्था छ।यस आर्थिक बर्षमा पालिकाले देहायका लाभग्राहिलाई देहाय अनुसार विभन्न पाँच वटा बैंक मार्फत लाभग्राहीको खातामा ई.एफ.टी गरी भत्ता वितरण गरेको छ।

| सि.नं. | सा.सु किसिम | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | जेष्ठ अन्य | ३९२१ | ४६७०९९५४ | ३९८३ | ४७४२७८३६ | ४००० | ४७६४२२३६ | ४०५७ | ४८३४१२८४ |
| २ | जेष्ठ दलित | ३४७ | २६९७२४० | ३५३ | २७८२३६० | ३६१ | २८३८२२० | ३५८ | २८३९२१८ |
| ३ | जेष्ठ एकल महिला | ४५५ | ३६१४९४० | ४४६ | ३५४०४६० | ४५२ | ३५७५०४० | ४४२ | ३५१६५२० |
| ४ | विधवा | ७६८ | ६०५४१६० | ७८६ | ६१९५२२९ | ८०९ | ६३७८६८० | ८३० | ६५७२८६० |
| ५ | पूर्ण अपाङ्ग | १७१ | २०४२८८० | १७१ | २०४२८८० | १७३ | २०५५११६ | १७६ | २०८२७८० |
| ६ | अति अशक्त अपाङ्ग | ४०१ | २५४९८७६ | ४०६ | २५७७००८ | ४०८ | २५९१६१० | ४०५ | २५७१०३५ |
| ७ | दलित वालवालिका | ५५७ | ८४७३८४ | ५७९ | ८७६२४७ | ५९३ | ९००८३८ | ५८३ | ९०००९५ |
| ८ | लोपन्मुख | ४१ | ४९०७७० | ४१ | ४९०७७० | ४१ | ४९०७७० | ४१ | ४९०७७० |
| जम्मा | | ६६६१ | ६५००७२०४ | ६७६५ | ६५९३२७९० | ६८३७ | ६६४७२५१० | ६८९२ | ६७३१४५६२ |
| कुल जम्मा | | | | | | २६४७२७०६६ | | | |

८२ **निष्कृय खाताः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा नं. २६ को उपदफा ३ अनुसार एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित लाभग्राहीलाई भुक्तानी गरी सो मितिभन्दा पछिको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष लाभग्राहीको खातामा ई.एफ.टी मार्फत वितरण गरेकोमा कार्यविधि अनुसार बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा लाभग्राहीको विवरण प्राप्त गरेको छैन । कार्यविधिको पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाई पाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष राजश्व बाँडफाँड शीर्षकबाट कर्मचारी कल्याण कोषमा एकमुष्ट रु.२० लाख ट्रान्सफर गरेको छ । सम्बन्धित कर्मचारीको तलबबाट कट्टा गरी कर्मचारी कल्याण कोषमा रकम दाखिला गर्नुपर्नेमा सो गरेको पाइएन । | 0.00 |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : दुधौली नगरपालिका, सिन्धुली , दुधौली नगरपालिका , सिन्धुली

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | दिपक ढकाल | २०७९-११-१३ | २०८१-१-२३ |
| कार्यालय प्रमुख | विष्णु प्रसाद सुवेदी | २०८१-१-२४ | २०८१-१०-१३ |
| कार्यालय प्रमुख | दिनेशराज पन्त | २०८१-१०-१४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नारायण प्रसाद न्यौपाने | २०७९-४-१ | २०८१-१०-९ |
| लेखा प्रमुख | चुडामणि आचार्य | २०८१-१०-१० | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ७४१,२८५ | ९,९०७,४५८ | २,५००,००० | ० | ० | ४,३१९,२९७ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १७,४६८,०४० |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १०,७४६,७९३ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ६,७२१,२४७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ६०६५६७४३.२४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५९४०६१५२१.७५ | **चालु खर्च** | ९३१६६०६३२.८९ |
| **प्रदेश सरकारबाट अनुदान** | ६९८४३६९२ | **पूँजीगत खर्च** | ३१५३०९९९७.९६ |
| **राजश्व बाँडफाँट** | २२७२२७३८१.७४ | **वित्तीय/अन्य व्यवस्था** | ८७००९१०.० |
| **आन्तरिक आय** | ३७०८०४०२.३५ | | |
| **अन्य आय** | ३१७५६९८८६.१६ | | |
| **कुल आय** | १२४५७८२८८४ | **कुल खर्च** | १२५५६७१५४०.८५ |
| **बाँकी मौज्दात** | | ५०७६८०८६.३९ | |

# अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- पालिकाले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ ।तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल हुनुपर्दछ ।
- पालिकाको आधारभूत अस्पताल भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ। पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ ।